बालविवाह सामाजिक र कानूनी अपराध हो ।
- बीस वर्ष नपुगी विवाह नगरौं र नगराऔं,
- उमेर नपुगी गरेको विवाह सामाजिक र कानूनी अपराध हो,
- त्यस्तो अपराध गर्नेलाई जरिवाना र कैद सजाय दुवै हुने कानूनी व्यवस्था छ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
प्रतीक
दैनिक
राष्ट्रिय 'क' वर्ग
eprateekdaily.com




❖ वर्ष ३६ ❖ २०७९ मङ्सिर २९ गते बिहीवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2022 December 15 Thursday ❖ मूल्य ५/-❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १०७

# नेराआधारभूत विद्यालय हर्दियाको कन्तबिजोग

## एउटै कोठामा चारवटा कक्षा र कार्यालय सञ्चालन

बलिराम शुक्ल, बिरुवागुठी, २८ मङ्सिर/

पर्सागढी नगरपालिका–५ स्थित विद्यालयमा प्रधानाध्यापक र बालविकास सहयोगी गरी दुईजना मात्र सम्बन्धित निकायको ध्यानाकर्षण गराएको तर अहिलेसम्म भौतिक पूर्वाधार



नेरा आधारभूत विद्यालय, हर्दियामा एउटै कक्षामा चारवटा कक्षा र त्यसमा पनि कार्यालय सञ्चालन तथा दुरवस्थामा रहेको शौचालय । तस्वीरः प्रतीक

नेपाल राष्ट्रिय आधारभूत विद्यालय हर्दियामा बालविकासदेखि कक्षा पाँचसम्म अध्ययन हुन्छ तर भौतिक पूर्वाधार र शिक्षक दरबन्दी अनुसार नहुँदा विद्यार्थीहरूको अध्ययनमा असर परेको छ ।

यहाँ बालविकासदेखि कक्षा पाँचसम्म १६२ जना विद्यार्थी भर्ना भएका देखिन्छन् तर विद्यालयमा १२५ जना विद्यार्थी मात्र दैनिकरूपमा उपस्थित हुने गरेका छन् । विद्यालयमा देखिने विद्यार्थी र रजिस्टरमा उल्लेख भएका विद्यार्थीबीच मेल खाँदैन। यो विद्यालयमा दुईवटा कोठामात्र छन् । कार्यरत रहेको अभिभावक लक्ष्मी यादवले बताए । दुई कोठे विद्यालयमा बालविकासदेखि कक्षा एकसम्म एउटा कोठामा र अर्को कोठामा कक्षा २ देखि ५ गरी चारवटा कक्षा सञ्चालन हुन्छन् र सोही कोठामा कार्यालय पनि सञ्चालित छ ।

एउटै कोठामा चारवटा कक्षा र कार्यालय सञ्चालन हुँदा त्यहाँको शैक्षिक गुणस्तर कस्तो होला भन्ने सहजै अनुमान लगाउन सकिन्छ । प्रधानाध्यापक रामबालकप्रसाद यादवले विद्यालयको भौतिक संरचना वृद्धि र दरबन्दी अनुसारको शिक्षकका लागि पटक–पटक र शिक्षक दरबन्दीको लागि कुनै पहल नभएको बताए। यथावस्थामा समस्याका बीच विद्यालय सञ्चालन गर्नुपर्ने बाध्यता रहेको उनको भनाइ छ ।

पर्सागढी नगरपालिका विषयगत शिक्षा समितिका संयोजक तथा वडाध्यक्ष नितेशकुमार मिश्रसँग यसबारेमा बुझ्दा उनले नगरपालिकामा भौतिक पूर्वाधार र शिक्षकको लागि पहल गरिरहेको र छिट्टै समाधान हुने आश्वासन दिए। उनले आवर संसार र शान्ति शिक्षा नेपालको संयुक्त लगानीमा दुई कोठे कच्ची ट्रस निर्माणको प्रक्रिया अगाडि बढिसकेको बताए ।

# औषधि निश्शुल्क पाउनुपर्छ –नगरप्रमुख सिंह

प्रस, वीरगंज, २८ मङ्सिर/

वीरगंज महानगरपालिकाका प्रमुख राजेशमान सिंहले सबै वडाका स्वास्थ्य संस्थामा औषधिको कमी नहुने गरी व्यवस्था मिलाउन सरोकारवालाहरूलाई निर्देशन दिएका छन् ।



तस्वीरः सौजन्य

महानगरको सामाजिक विकास महाशाखाले मङ्गलवार आयोजना गरेको जनप्रतिनिधि तथा कर्मचारीहरूका लागि अभिमुखीकरण कार्यक्रममा नगरप्रमुख सिंहले महानगरका ३२ वटै वडामा रहेका स्वास्थ्य चौकीहरूमा स्वास्थ्यकर्मीहरू तोकिएको समयमा उपलब्ध हुनुपर्ने र सेवाग्राहीहरूलाई आवश्यक सबै खाले तोकिएका औषधि दिनै पर्ने व्यवस्था मिलाउन निर्देशन दिए । उनले यसका लागि आवश्यक आर्थिक भार महानगरले बेहोर्ने बताए ।

नगरप्रमुख सिंहले अब उप्रान्त स्वास्थ्य चौकीमा आवश्यक औषधि तथा अस्पतालमा प्रयोग हुने सामग्री पठाउँदा सम्बन्धित वडाध्यक्षलाई जानकारी गराएर मात्र पठाउन स्वास्थ्य शाखालाई निर्देशन दिए ।

वडाध्यक्षहरूलाई जानकारी नदिई स्वास्थ्य चौकीमा औषधि पठाउँदा कर्मचारीहरूले दुरुपयोग गर्ने गरेको सूचना प्राप्त भएकाले यस प्रकारको नीति अवलम्बन गर्न उनले स्वास्थ्य महाशाखालाई निर्देशन दिएको बताए ।

स्वास्थ्य महाशाखा प्रमुख रितेश जयसवालले सङ्घ सरकारले विभिन्न ९८ प्रकारका औषधि निश्शुल्क उपलब्ध गराउन भनेको तर त्यसका लागि ४० लाख मात्र रकम विनियोजन गरी पठाएकोले वीरगंज महानगरपालिकामा रहेका सबै स्वास्थ्य चौकीमा औषधि अपुग हुने गरेको बताए ।

उनले यसका लागि सङ्घ सरकारसँग थप बजेट माग गर्दा प्रदेश सरकारसँग थप रकम माग गर्न सुझाइएको र प्रदेश सरकारले थप औषधि खरीदका लागि बजेट नभएको भनेर पन्छिने गरेको बताए ।

वडाध्यक्ष रामकिशोर सिंहले आफ्नो वडाको स्वास्थ्य संस्थामा औषधि नहुने गरेको र स्वास्थ्यकर्मी पनि दुर्लभै भेटिने गरेको गुनासो गरे । उनले महानगरबाट कति औषधि जान्छ भन्ने कुराको आफूसँग तथ्याङ्क भएको खण्डमा सोहीअनुरूप निगरानी बढाउन सकिने बताए ।

# जिल्ला समन्वय समिति, निजगढ नपा, वन कार्यालय, प्रहरी प्रशासनद्वारा धन्सार र बकैया खोलाको स्थलगत अनुगमन

प्रस, निजगढ, २८ मङ्सिर/

निजगढ नगरपालिकामा रहेका बकैया र धन्सार खोलाबाट तत्काल अर्को आदेश जारी नभएसम्म नदीजन्य तथा खानीजन्य पदार्थ उत्खनन नगर्न नगराउन उच्च अदालत जनकपुर, अस्थायी इजलास, वीरगंजमा परेको रिट यही मङ्सिर १९ गते सोमवार खारेज भएसँगै एक सातापछि धन्सार र बकैया खोलाको



जिल्ला समन्वय समिति बाराका प्रमुख नरेन्द्र साह, उपप्रमुख चण्डिका उप्रेति, निजगढ नगरप्रमुख सुरथ पुरीलगायतको टोली अनुगमन गर्दै । तस्वीरः प्रतीक

अनुगमन गरिएको छ ।

जिल्ला समन्वय समिति बाराका प्रमुख नरेन्द्र साह, उपप्रमुख चण्डिका उप्रेती, निजगढ नगरपालिकाका प्रमुख सुरथ पुरी, जिल्ला समन्वय अधिकारी आमोद चौधरी, निजगढ नपाका प्रमुख प्रशासकीय अधिकृत सुमन धिताल, डिभिजन वन कार्यालय, बाराका सहायक वन अधिकृत जवाहरलालप्रसाद कुर्मी, वडाअध्यक्षहरू, प्राविधिक टोली, स्थानीय प्रहरी प्रशासन, पत्रकारलगायतको टोलीले बुधवार उक्त अनुगमन गरेको हो ।

कानूनसम्मत ढङ्गले आइइई रिपोर्टमा उल्लेख गरिए अनुसार र अदालतको निर्देशनात्मक फैसलालाई ध्यानमा राखेर स्थानीय तहले काम अघि बढाउनका लागि जिल्ला समन्वय समिति सकारात्मक भूमिका निर्वाह गर्न पछि नपर्ने जिसस, बाराका प्रमुख साहले बताए ।

छ महीनाअघि परेको रिट उच्च अदालत जनकपुर, अस्थायी इजलास, वीरगंजले खारेज गरेसँगै निजगढ नगरपालिकालाई सो खोलाको नदीजन्य

(बाँकी अन्तिम पातामा)

# दुर्घटनामा स्वास्थ्यकर्मीको मृत्यु

प्रमोद यादव, पंचगावाँ, २८ मङ्सिर/

सवारी दुर्घटनामा परेर पर्साका एकजना स्वास्थ्यकर्मीको बुधवार मृत्यु भएको छ। पटेर्वासुगौली गाउँपालिका–५ निचुटास्थित स्वास्थ्य चौकीमा कार्यरत २५ वर्षीय अहेब उदयकुमार साहको सवारी दुर्घटनामा मृत्यु भएको प्रहरीले जनाएको छ ।

धनुषाको लालगढस्थित कुष्ठरोग अस्पतालमा कार्यालयको काम लिएर जाने क्रममा आज साह सवार ज.११प ५८६४ नम्बरको मोटरसाइकललाई पहिचान खुल्न नसकेको गाडीले सर्लाही जिल्लाको बैलबासदेखि मलङ्गवा जाने खोरियाटोलनजीक ठक्कर दिएको थियो। ठक्करबाट साहको घटनास्थलमैं मृत्यु भएको र ठक्कर दिने गाडीको खोजी भइरहेको प्रहरीले जनाएको छ ।

# अज्ञात समूहद्वारा युवकको हत्या

प्रस, वीरगंज, २८ मङ्सिर/

बारा विश्रामपुर गाउँपालिका–५ इटियाही टोलमा एक युवकको शङ्कास्पद अवस्थामा शव फेला परेको जिल्ला प्रहरी कार्यालय, बाराले जनाएको छ ।

बारा–पर्साको सिमानामा रहेको विश्रामपुर गापाको इटियाही टोलको खेतमा करीब २२ वर्षीय युवकको शव स्थानीयवासीले हेरेपछि प्रहरीलाई खबर गरेका थिए ।

युवकको शवलाई परालले छोपेर राखेको अवस्थामा बरामद भएकोले युवकको हत्या भएको हुन सक्ने जिप्रका, बाराका प्रहरी उपरीक्षक होबिन्द्र बोगटीले बताए ।

समाचार तयार पर्दासम्म युवकको सनाखत नभएको बारा प्रहरीले जनाएको छ । बारा प्रहरीले दिएको जानकारी अनुसार मृतक युवक बसमा काम गर्ने र उनको ठेगाना जीतपुरसिमरा उमनपा रहेको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ ।

# युवा पत्रकार स्व सर्राफको १३औं दिनको पुण्यतिथिमा श्रद्धाञ्जलिसभा

## पर्सा शाखाद्वारा अक्षयकोष स्थापना र पुरस्कार घोषणा

प्रस, वीरगंज, २८ मङ्सिर/

वीरगंजका युवा पत्रकार स्व नरेश सर्राफको १३औं दिनको पुण्यतिथिमा नेपाल पत्रकार महासङ्घ, पर्साले श्रद्धाञ्जलिसभा गरेको छ ।




तस्वीरः प्रतीक

नेपाल पत्रकार महासङ्घ, पर्साको सभाकक्षमा आयोजित श्रद्धाञ्जलिसभामा सांसद प्रदीप यादवले महासङ्घले स्थापना गर्ने अक्षयकोषमा रु एक लाख सहयोग गर्ने घोषणा गरे । उनले स्व सर्राफको निधनले वीरगंजेली पत्रकारितामा क्षति भएको बताए । सांसद यादवले स्व सर्राफले निष्ठाको पत्रकारिता गरेको र समाजसेवा पनि गर्दै आएको बताए ।

श्रद्धाञ्जलिसभामा नेपाल पत्रकार महासङ्घ, पर्साका अध्यक्ष अनुप तिवारीले कार्यसमिति सदस्य स्व सर्राफको सम्झनामा प्रत्येक वर्ष महासङ्घको स्थापना दिवसमा नरेश सर्राफ क्रियाशील युवा पत्रकारिता पुरस्कार प्रदान गरिने र यो पुरस्कार पत्रकारिता क्षेत्रमा १० वर्ष काम गरेका र ४० वर्षमुनिका युवालाई प्रदान गरिने बताए। उनले स्व सर्राफको सम्झनामा डेढ लाखको अक्षयकोष स्थापना गर्ने घोषणा गरे ।

महासङ्घले स्थापना गर्ने अक्षयकोषमा पूर्वसभापति अशोक तिवारीले रु २१ हजार, पूर्व केन्द्रीय उपाध्यक्ष महेश दासले १० हजार सहयोग गर्ने घोषणा गरे ।

श्रद्धाञ्जलिसभामा नेपाल पत्रकार महासङ्घका सचिव दीपेन्द्र चौहान, केन्द्रीय सदस्य केसी लामिछाने, प्रदेश महासचिव श्याम बन्जारा, समाजवादी प्रेस सङ्गठनका केन्द्रीय सदस्य राघव साह, प्रेस सङ्गठनका केन्द्रीय सदस्य नीरज पिठाकोठे मगर, वीरगंज उद्योग वाणिज्य सङ्घका उपाध्यक्ष हरि गौतमलगायतले शोक मन्तव्य व्यक्त गरेका थिए । कार्यक्रमको सहजीकरण शाखाका सचिव भूषण यादवले गरेका थिए ।

## विचारसार एवं सूक्तिहरू

**जीवनको समस्या रातभरिमा समाधान हुँदैन । आज के गर्नु छ, त्यसमा ध्यान केन्द्रित गरेर बिस्तारै र तनावरहित, एक समयमा एक पाइला चाल । गन्तव्य फेला पार्न के बेर !**


| | |
|---|---|
| प्रकाशक | : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : जगदीशप्रसाद शर्मा |
| प्रबन्ध सम्पादक | : विकाश शर्मा |
| सम्पादक | : शत्रुध्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : गम्भीरा सहनी |

मुद्रकः प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति टोल, श्रीपुर, वीरगंज-१४ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com


# बल्ल तात्यो महानगर

**श्रीसिया नदी प्रदूषणको शिकार भएको तीन दशकभन्दा बढी नै भइसकेको छ । श्रीसिया नदीको पहिलाको स्वरूप स्मरण गर्ने हो भने सो नदीबाट वीरगंजवासीको दिनचर्या शुरू हुन्थ्यो । तत्कालीन अवस्थामा चापाकल र खानेपानीको समुचित व्यवस्था नभएकोले आसपासका मानिसहरू सोही नदीमा खानेपानी, नुहाउने, लुगाधुने, भाँडा माझ्ने कार्य गर्थे । र चाडपर्वमा नदीछेउमा पूजाआजा गर्दै आएका थिए । यसका साथै वस्तुहरूको लागि पनि पिउने पानी र नुहाउने कार्य सोही नदीमा हुन्थ्यो । जनै पूर्णिमामा पुरुषहरू अनि स्वस्थानी वर्त, तीज र पञ्चमीमा महिलाहरूको लागि पनि सोही नदी उपयुक्त हुन्थ्यो । श्रीसियाको सङ्लो पानीमा जलचरहरूको पनि बाँस थियो । तर अहिले यी सबै कुरा श्रीसिया नदीको हकमा एकादेशको कथा बनिसकेको छ । बारा र पर्सामा खुलेका उद्योगहरूले श्रीसिया नदीको अस्तित्वलाई समाप्त पारेकोमा दुई मत छैन । उद्योगका प्रदूषित पानी नदीमा नबगाउन अहिलेसम्म विभिन्न आन्दोलन, विरोधका कार्यक्रम नभएका होइनन् । सीमापारि भारत, रक्सौलका जनताको पनि यसमा निरन्तर सहभागिता रहँदै आएको छ । तर पनि श्रीसिया नदी भने प्रदूषणमुक्त हुन सकेको छैन । अहिले वीरगंज महानगर पालिकाले श्रीसिया नदि प्रदुषण नियन्त्रण अभियान शुरु गर को छ । यसअघि प्रत्येक वर्ष छठपुजाको अवसरमा मात्र यो नदिको सफाई गर्ने, यसको प्रदुषण विरोधी गतिविधी तेज हुने कार्य हुँदै आएका थिए । तर अहिले भने महानगर पालिकाले छठपछि यो अभियानलाई शुरु गरेकोले नदिको स्वरुप परिवर्तन हुने कुरामा केहि आशा पलाएको छ ।**

**श्रीसिया नदी प्रदूषणमुक्त राख्नका लागि सरकारले प्रदूषित पानी बगाउने उद्योगहरूलाई पानी प्रशोधन केन्द्र स्थापना गर र प्रशोधित पानी मात्र नदीमा फाल्नका लागि बेलाबखत निर्देशित गर्दै आएको थियो । नदीसँग जोडिएका उद्योगहरूले पानी प्रशोधन केन्द्र स्थापना गर्ने र प्रशोधित पानी नदीमा बगाउने सरकारको नीतिलाई उद्योगहरूले थाङ्नामा सुताएर आफू अनुकूल कार्य गर्दै आएका थिए । सरोकारवाला सर कारी कर्मचारीहरूले यस विषयमा निरन्तर कारबाई नगर्दा अहिलेसम्म पानी प्रशोधन केन्द्र प्रयोगमा नल्याइएको हो । प्रायः उद्योगहरूको प्रदूषित पानी सीधा नदीमा बगाइन्छ, जसले गर्दा श्रीसिया नदीको मौलिकता समाप्त प्रायः भएको थियो । त्यसैले यो नदी विशुद्धरूपमा उद्योगहरूको प्रदूषित पानी बग्ने नदीमा परिणत भएको छ । अहिले श्रीसिया नदी प्रदूषणमुक्त होस् भन्ने चाहना राखेर महानगरले श्रीसिया नदि प्रदुषण नियन्त्रण अभियान शुरु गरेको छ ।**

**महानगरले यसबारेमा चासो राखी सरोकारवालाहरुको बैठक बसाएर एकमहिनाको समयसीमा दिएको छ । उद्योगीहरुले पनि श्रीसिया प्रदुषण मुक्त होस् भन्ने चाहना राखेको प्रतिक्रिया दिनु र यसका लागि पानी प्रशोधन केन्द्र बनाउनका लागि समय माग गरेका छन । यसलाई सकारात्मक नै लिनुपर्छ । उद्योगले वातावरण रिर्पोट पेश गर्दा पानी प्रशोधन गरेर श्रीसियामा फाल्ने बताएपनि धेरै जसोले त्यस्तो नगरेको पाइएको छ । पानी प्रशोधन केन्द्र नभएकाहरुले स्थापना गर्ने र भएकाहरुले उद्योगबाट निस्कने फोहर पानीलाई प्रशोधन गरेर मात्र फाल्ने कार्य अबका दिनमा शुरु मात्र गरेको खण्डमा केही वर्षमा श्रीसिया नदिले पुर्नजीवन पाउने कुरामा दुई मत छैन । उद्योगहरुको हेपाहा प्रवृति र सरोकारवाला निकायको लापरवाहीको परिणाम श्रीसिया नदि प्रदुषित भएको हो । अबका दिनमा यी कुराहरु नदोहरियोस् ।**

# निर्वाचनपछि सचेत नागरिकको दायित्व

**स्वतन्त्र विचार**



सञ्जय साह मित्र
mitrasanjay41@gmail.com

**चुनावपछि सचेत नागरिकको काँधमाथि अर्को पनि दायित्व रहन्छ । कतिपय ठाउँमा आएको बजेट फिर्ता भएको तथा काम हुन नपाएर फ्रिज भएको देखिन्छ । यसलाई रोक्न सक्रिय हुनुपर्छ । गाउँघरमा मुख थुनेर खान दिएको भन्ने उखान छ ।**

निर्वाचनलाई लोकतन्त्रको सबैभन्दा सुन्दर पक्ष मानिएको छ । अहिलेको अवस्था हेर्ने हो भने केही महीनाको अन्तरालमा देशमा तीन तहको सरकारको लागि निर्वाचन सम्पन्न भइसकेको छ । स्थानीय तहको निर्वाचन गत वैशाखमा भएको थियो भने मङ्सिरमा प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचन भयो । निर्वाचनलाई नेपालको परिवेशमा धेरै खर्चिलो र केही हदसम्म बोझिलो मान्ने गरिएको छ । निर्वाचनको समयमा निर्वाचनभन्दा महत्त्वपूर्ण खास केही हुँदैन देशको लागि । सबै नागरिकको मनोविज्ञान पनि निर्वाचन केन्द्रित नै बनेको हुन्छ । निर्वाचनले, पाँच वर्षसम्म शासनको अधिकार दिने भएकोले, देशको सबै पक्ष र आम नागरिकको ध्यान तान्न सकेको हुन्छ । देशका अधिकांश सरकारी कार्यालय वा निकायको पनि ध्यानाकर्षण चुनावतर्फ नै हुन्छ । यस्तो अनुभूति हुन्छ कि देशका सम्पूर्ण नागरिकको मूल कर्तव्य नै निर्वाचनलाई शान्तिपूर्ण सम्पन्न गराउनुमा रहेको छ ।

हो, सरकार र सरकारी निकायको कर्तव्य एकातिर हुन्छ भने नागरिकको कर्तव्य पनि हुन्छ चुनाव सम्पन्न गराउनको लागि । नागरिकले धेरै किसिमले चुनाव सम्पन्न गराउन सहयोग गरेको हुन्छ । नागरिक स्वयं मतदाता भएकोले र चुनावलाई सम्पन्न गराउन गाउँ–समाजमा मुख्य भूमिका खेल्ने भएकोले उसको भूमिका महत्त्वपूर्ण हुन्छ । चुनावपछि पनि नागरिकको भूमिका कम हुँदैन । नेपालजस्तो देशमा चुनाव सम्पन्न भइसकेपछि पनि चुनावको सन्दर्भ लिएर भूमिका निर्वाह गर्नुपर्ने हुन्छ ।

चुनाव शान्तिपूर्ण सम्पन्न भएको हो । यसपटक खासै गडबडी भएको खबर कतैबाट आएन । यसमा नेपाली नागरिकको ठूलो भूमिका छ । नागरिकले चुनावमा खेलेको भूमिकाका लागि धन्यवाद दिनैपर्छ । साथै अत्यन्त शान्तिपूर्ण तरीकाले नेपाली नागरिकले चुनाव सम्पन्न गरेर देखाउन सकेकोमा नेपाली नागरिकलाई बधाई पनि छ । सबैको प्रतीक्षाको र चासोको विषय रहेको चुनावको नतीजालाई सबैको साझा नतीजा बनाउन पनि नेपाली नागरिककै भूमिका महत्त्वपूर्ण छ । अब नेपालीहरू पनि शान्तिपूर्णरूपमा एकैसाथ देशभर निर्वाचन गराउन सक्छन्, निर्वाचनसित सम्बन्धित सम्पूर्ण सुरक्षामा नेपाली सक्षम छन् भन्ने देखाउन पनि सकेका छन् । शान्तिपूर्ण यस निर्वाचनका कारण नेपाल र नेपालीको गरिमा विश्वमा वृद्धि भएको छ । चुनावले विश्वमा नेपाल र नेपालीको शान्तिप्रियता पनि साबित गरेको छ ।

अझै संसद्को बैठक शुरू भइसकेको छैन । अझै सरकार गठन हुन बाँकी छ । जनप्रतिनिधिले काम शुरू गर्नुभन्दा पहिले सर्वसाधारणको घरमा पुगेर आफ्ना वाचाहरू पनि सम्झेका छन् । यो सकारात्मक पक्ष हो । चुनावमा गरेका वाचा सम्झनु वा चुनाव लड्दै गर्दा देखिएका समस्या पुनः समाधानका आँखाले देख्नु निकै राम्रो कुरो हो । पहिले त भोट माग्न जाँदा धेरैले समस्या सुनाउने आँटै गरेनन् होला, किनभने एकपछि अर्को उम्मेदवार आउँदा सबैलाई समस्या बताउनु उचित मानेनन् होला नागरिकले । मुख्य कार्यकर्ताबाट केही समस्या सुनिएको हुन सक्छ । तर जब प्रतिनिधि गाउँठाउँमा पुग्छन् , कार्यकर्ताले नभएर गाउँटोलका भद्रभलाद्मीले पनि मुख्य आवश्यकता, समस्या तथा समाधानको उपाय बताउँछन्, बताउँदै छन् । बधाई तथा शुभकामना दिंदा नै सर्वसाधारणले सामूहिक आवश्यकता तथा चाहना अघि सारेका छन् । पहिले समस्या राख्दा सुनाउने वा सुन्ने मात्र हुन्थ्यो, अहिले भने समाधान हुने दृष्टिले नै राखेका छन् । अब समस्याको समाधान हुने आशा राखेका छन् ।

उम्मेदवार बनाउन, चुनाव प्रचार गर्न, मतदातालाई प्रभावित पार्न, चुनाव जितेपछि फेरि समाजमा पुऱ्याउन भूमिका निर्वाह गर्ने सचेत नागरिकले भने चुनावपछि जनताको विश्वास कायम राख्न धेरै थोक गर्नुपर्ने हुन्छ । यही विश्वासको आधारमा आउँदो समयमा सक्रिय हुनुपर्छ । जति धेरै सक्रिय रहन सक्यो, उति धेरै विश्वास कायम रहन्छ । सर्वसाधारणको विश्वास कायम रहनु भनेको आगामी दिनमा अहिलेको भन्दा बढी सफलता प्राप्त गर्नु पनि हो ।

सचेत नागरिकले आफूप्रति जनता र नेता दुवैको विश्वास कायम राख्नुछ । दुवैबीचको पुलको काम गर्नुछ । दुवैतिर एक अर्काको कुरो पुऱ्याउने वास्तविक सञ्चारको काम गर्नुछ । तर सर्वसाधारणलाई यो महसूस नहोओस् कि यो नेताकै मानिस भइदियो । सर्वसाधारणलाई यही लागिरहोस् कि नेताले यसलाई विश्वास गरेको र सबैभन्दा बढी हामीले यसलाई विकास, निर्माण तथा कुनै समस्या पर्दा सहयोग माग्ने गरेको मानिस हो । सबैलाई समस्या पर्दा सहयोग गर्ने कमै विश्वासपात्र हुन्छन् र जनतालाई परेको बेला सहयोग गर्नेलाई जनताले बिर्सदैन भन्ने कुरो सबैले बुझेका छन्, सम्झेका छन् । विगतका चुनावहरूको तुलनामा यसपटक भएको चुनाव धेरै किसिमले फरक देखिएको कारण पनि जनताको विश्वास नै हो भन्ने कुरो सबैले बुझेका छन् ।

गत चुनावमा कतै यस्ता उम्मेदवार पनि थिए जसलाई करीब सबै दलको समर्थन थियो तर पनि चुनाव हारे । कतै यस्तो थियो कि पार्टीले टिकट नदिंदा विद्रोह गरेर चुनाव जिते । कतै पार्टीको टिकट त्याग गरेर एक्लै स्वतन्त्र उम्मेदवार हुँदा पनि चुनाव जिते । चुनावको समयमा यस्तो पनि भएको देखियो कि एउटाको खूब हल्ला छ तर भोट भने पाएन । चुनाव अघि जीतको लाइनमा रहेको ठान्नेले मतगणनामा खासै केही गर्न नसकेको यो चुनाव, फरक प्रकृतिको थियो र नागरिक धेरै हदसम्म सचेत भएको प्रमाण थियो । आखिरमा पैसाले मात्र चुनाव जित्न सकिंदैन, जति धेरै कार्यकर्ता भए पनि ती कार्यकर्ता यदि तत्काल आफूप्रति समर्पित नभई कुनै लोभ, मोह वा तत्काल लाभ प्राप्तिको आशा लिएर लागेका छन् भने यस्ता कार्यकर्ताले चुनाव जिताउन सक्दैनन् भन्ने धेरैले बुझेका छन् । हुनत यस प्रकारको चुनाव कतिपयको लागि आफ्नो लोकप्रियता जाँच्ने तराजु हो भन्ने देखिएको छ । धेरै लोकप्रिय ठान्ने तथा आफूलाई सबैभन्दा बलियो ठान्नेले चुनावको ऐनामा आफूलाई देख्न पाएका छन् ।

सचेत नागरिकले चुनावोपरान्त अझ सचेत भएर विकास र निर्माणको लागि निरन्तर खबरदारी गर्नुपरेको छ । प्रदेश वा केन्द्रमा सरकार गठन हुन्छ नै । अहिलेसम्म के देखिएको छ भने जो सक्रिय छ, उसले पाएको छ । हामीले हाम्रा जनप्रतिनिधिलाई नीति निर्माण अर्थात् ऐन कानून निर्माण गर्न र विकास गर्न पठाएका छौं । हामीले आफ्नो समस्या सुनाउन छोड्यौं भने विकास नचाहेको हो भन्ने हुन जान्छ । हामीले समस्या सुनाउने तथा समाधानको सम्भावित उपाय पनि निरन्तर बताइरहनुपरेको छ । हुन सक्छ, हाम्रा कतिपय नेताले हाम्रो बोली सुन्न नचाहलान् वा सुनेर पनि काम गराउन नसक्लान् तर यसको अर्थ आफू रिसाइहाल्ने होइन । अब पाँच वर्ष हाम्रा निर्वाचित प्रतिनिधिबाटै हामीले काम लिनुछ । यस कारण काम लिइरहनको लागि केही सहनु पनि उचित हुन्छ । हरेक नेताले आफ्नो ठाउँको विकास गर्न चाहन्छ । चाहेर नसकेको अवस्था पनि हुन सक्छ । नसकेको अवस्थालाई हाम्रा नेताको कमजोरी नठानौं । विगतमा चुनिएका तर अहिले चुनिन नसकेका कतिपय नेताहरूको अनुहार देखेर नै नवनिर्वाचित प्रतिनिधिहरू सक्रिय रहने छन् भन्ने विश्वास लिउँ । सचेत नागरिकले विश्वास गरौं, किनभने हाम्रा प्रतिनिधिहरूले पनि विश्वासको आधार कायम गर्नुपरेको छ । हाम्रा प्रतिनिधिहरूलाई विकास, निर्माण तथा नीति निर्माणमा निरन्तर सहयोग गरौं ।

चुनावपछि सचेत नागरिकको काँधमाथि अर्को पनि दायित्व रहन्छ । कतिपय ठाउँमा आएको बजेट फिर्ता भएको तथा काम हुन नपाएर फ्रिज भएको देखिन्छ । यसलाई रोक्न सक्रिय हुनुपर्छ । गाउँघरमा मुख थुनेर खान दिएको भन्ने उखान छ । विकास निर्माणको चाहना राख्ने तर विकास निर्माणको लागि आएको बजेट कार्यान्वयनमा भूमिका नखेल्ने हो भने विकास निर्माण कहिल्यै पनि हुन सक्दैन । विकास निर्माणको वातावरण पनि बनाउनैपरेको छ र पर्छ नै । सचेत नागरिकले चुनावमा जे जति सहयोग गरेको वा जे जस्तो भूमिका निर्वाह गरेको किन नहोस्, त्यसको मूल लक्ष्य नै यही विकास हुनु हो । अबको समयमा विकास निर्माणको लागि बजेट माग्ने तथा आएको बजेटको पूर्ण सदुपयोग गर्न सक्रिय रहेको देखाउनुपरेको छ । आएको बजेटले कार्यरूप धारण गर्न सक्यो भने धेरै हदसम्म सर्वसाधारणका अपेक्षा पूरा गर्न सकिन्छ । बजेटको कार्यान्वयनमा देखा पर्ने समस्या तथा विवाद साम्य गर्ने दायित्व पनि नागरिक समाजकै हो । बजेटदेखि विकासको सहजीकरणसम्म सफल हुनु भनेको जनताको विश्वास आर्जन गर्नु हो, जसबाट फेरि कसैलाई जनप्रतिनिधि बनाउन सजिलो हुन्छ वा कुनै चुनावमा आफू नै प्रस्तुत हुन पनि ।

# हुलाकी सडक निर्माणको माग गर्दै सडक अवरुद्ध

प्रस, सर्लाही, २८ मङ्सिर/

हुलाकी सडक कालोपत्रको माग गर्दै सर्लाहीमा शुरू भएको आन्दोलन बुधवार पनि जारी रह्यो । जिल्लाका विभिन्न स्थानमा यसअघि शुरू भएको आन्दोलन ब्रह्मपुरी क्षेत्रमा शुरू भएको छ ।

बितेको एक महीनादेखि आन्दोलन चर्किएको कौडेना र मुसैलीमा आन्दोलन रत पक्षको माग अनुसार काम हुन थालेपछि ब्रह्मपुरी–मलङ्गवा सडकखण्डमा आन्दोलन शुरू भएको हो ।

यसअघि कौडेना र मुसैलीमा सवारी आवागमन अवरुद्ध पारिएको थियो । आन्दोलनलगत्तै त्यहाँ कालोपत्र हुन थालेपछि ब्रह्मपुरी र मलङ्गवावासीले पनि सडक अवरुद्ध गरेका छन् । सडक अवरोधका कारण सवारीसाधन ठप्प हुँदा जिल्ला सदरमुकाम आउने जाने यात्रुहरू दिनभरि अप्ठ्यारोमा परेका थिए ।

हिउँदमा धूलाम्मे र वर्षामा हिलाम्मे हुने समस्या भोगिरहेकाले यात्रुहरूले अप्ठ्यारै भएपनि आन्दोलनमा साथ दिएको स्थानीय आन्दोलनरत पक्षको दाबी छ । सदरमुकाम जान हिंडेका कैयौं व्यक्ति सदरमुकामको काम छाडेर आन्दोलनमा सहभागी भएको ब्रह्मपुरीका युवा अगुवा प्रमोद साहले बताए ।

ठेकेदारले काम सम्पन्न गर्नुपर्ने अवधिमा कामै नगरेको स्थानीयको गुनासो छ । सर्लाहीमा हुलाकी सडकले सदरमुकाम मलङ्गवासहित भारतीय सीमानजीकका ५० वटा बस्तीलाई छोएको छ । जिल्लाको पूर्वमा सङ्ग्रामपुरदेखि पश्चिम बलरासम्मको सडकको अधिकांश भाग कालोपत्र हुन बाँकी छ ।

महोत्तरी र रौतहटमा पर्ने हुलाकी सडक कालोपत्र भइसक्दा पनि सर्लाहीमा पर्ने करीब ४२ किलोमिटर सडकखण्डको अवस्था भने दयनीय छ ।

सर्लाहीको हुलाकी सडक समयमा बन्न नसक्नुको कारण राज्यपक्ष पनि रहेको कर्मचारी तथा नागरिक अगुवाले बताएका छन् । यहाँको हुलाकी सडक डिभिजन सडकमा गाभिदिंदा काम अलपत्र परेको उनीहरूको ठम्याइ छ ।

प्रदेश सरकारको डिभिजन सडकले ठेक्का लगाए पनि बजेट नपठाउँदा लामो समयसम्म काम रोकिएको थियो । पछि






हुलाकी सडक आयोजना जनकपुरकै जिम्मा लगाइयो । सडकको डिजाइन पनि महोत्तरी र रौतहटको तुलनामा फरक रहेको स्थानीयको भनाइ छ ।

# शिक्षालाई राजनीतिकरण नगर्न नगरप्रमुख सिंहको आग्रह

प्रस, वीरगंज, २८ मङ्सिर/

वीरगंज महानगरपालिकाका प्रमुख राजेशमान सिंहले वीरगंजको शैक्षिक क्षेत्र सुधारका लागि सबैको साथको आवश्यकता रहेको बताएका छन्।

निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन (प्याब्सन)को महानगर साधारणसभाको उद्घाटन गर्दै नगरप्रमुख सिंहले वीरगंज महानगरले संस्थागत विद्यालयको वर्गीकरण र शुल्क निर्धारण कार्य नेपालमैं पहिलोपटक गरेको दाबी गरे। उनले यसलाई कार्यान्वयनमा लैजान एकअर्कासँग हातेमालो गरेर अघि बढ्नुपर्ने बताए। नगरप्रमुख सिंहले संस्थागत विद्यालयको वर्गीकरण र शुल्क निर्धारणले शिक्षामा आमूल परिवर्तन ल्याउने बताए।

उनले महानगरले शिक्षालाई विशेष प्राथमिकता दिएको बताउँदै केही कमीकमजोरी र असन्तुष्टि भए सच्याउँदै जान सकिने बताए। उनले निजी विद्यालयको वर्गीकरण गर्नु ठूलो उपलब्धि भएको र यसमा केही त्रुटि भए सच्याउँदै अघि बढ्न सकियो भने वीरगंजको शैक्षिक क्षेत्रले ठूलो फड्को मार्ने दाबी गरे।

उनले केही व्यक्तिले अनावश्यकरूपमा शिक्षालाई राजनीतिकरण गर्ने दुष्प्रयास गरिरहेको आरोप लगाए। आफूले शिक्षालाई राजनीतिबाट टाढा राखेर सुधार गर्न खोजेको र यसमा सबैको साथ र सहयोग आवश्यक हुने बताए। उनले विद्यालयमा शुल्क बढाउने प्रतिस्पर्धा नगरी शैक्षिक गुणस्तर वृद्धि गर्न प्रतिस्पर्धा हुनुपर्ने सुझाए।

साधारणसभा प्याब्सन पर्साका अध्यक्ष पुरन प्रधान र महानगर समितिका अध्यक्ष आलोक चौरसियाको संयुक्त अध्यक्षतामा भएको थियो।



तस्वीरः प्रतीक

# पर्सागढीमा निश्शुल्क आँखा तथा दाँत परीक्षण

प्रस, पर्सागढी, २८ मङ्सिर/

पर्सागढी नगरपालिका–५ मा बुधवार भएको शिविरमा २२० जनाको आँखा, दाँत परीक्षण गरिएको थियो।

शिविरमा वीरगंज सामुदायिक आँखा तथा दाँत क्लिनिक, वीरगंजका संयोजक महेशसिंह धामी, जीतेन्द्रकुमार गिरी, अजय मण्डल, अरविन्द साह, मुस्कान श्रेष्ठलगायतले आँखा र दाँत चेक गरेका थिए।

सहयोगमा निश्शुल्क गरिने बताइएको छ।


तस्वीरः प्रतीक

निश्शुल्क आँखा तथा दाँत जाँच गरिएको छ। वीरगंज सामुदायिक आँखा तथा दाँत क्लिनिक र बडनिहार आँखा तथा दाँत अस्पतालको संयुक्त आयोजनामा

सोमध्ये ८० जनामा मोतीबिन्दु फेला परेको र ३० जनाको दाँतमा समस्या देखिएको वडाध्यक्ष नितेश मिश्रले बताए। मोतीबिन्दुको शल्यक्रिया वडा कार्यालयको

# पिछडावर्ग महासङ्घको मधेस प्रदेश कार्यालय उद्घाटन

प्रस, वीरगंज, २८ मङ्सिर/

नेपाल पिछडावर्ग महासङ्घको मधेस प्रदेश कार्यालयको बुधवार जनकपुर उपमहानगरपालिका–११ मिल्स एरियामा उद्घाटन भएको छ। मधेस प्रदेशका गृह तथा सञ्चारमन्त्री भरतप्रसाद साहले कार्यालयको उद्घाटन गरेका थिए।

सो अवसरमा उनले महासङ्घलाई अधिकारसम्पन्न बनाउन विभिन्न समयमा सरकारसँग भएका सम्झौता कार्यान्वयन गराउन र पिछडावर्गको माग पूरा गराउन आफ्नो सहयोग र समर्थन रहने बताए। उनले आफू पनि पिछडावर्गभित्र रहेकोले सक्रियतापूर्वक सहभागिता देखाउने प्रतिबद्धता जाहेर गरे।

नेपाल पिछडावर्ग महासङ्घका अध्यक्ष गजेन्द्र ठाकुरले २०५५ सालमा स्थापना भएको पिछडावर्ग महासङ्घले जातजातिहरूको हकअधिकारको लडाइँ लड्दै आएको र त्यसमा केही सफलता पनि प्राप्त भएको बताए। उनले केही अधिकारको हकमा सरकारसँग भएका सम्झौता कार्यान्वयन हुन नसकेको र त्यसका लागि दबाब सिर्जना गर्नुपर्ने बताए। उनले कार्यान्वयनमा आउन नसकेका अधिकारप्राप्तिको लागि दबाब, वकालत, पैरवीका साथै आन्दोलन गर्ने र अधिकारसम्पन्न गर्ने कुरामा पछि नपर्ने बताए।

मधेस प्रदेश कार्यसमितिका संयोजक शिवकुमार साहको संयोजकत्वमा भएको कार्यक्रममा रामचन्द्र महतो, राजेश साह, उमेश ठाकुर, शत्रुघ्न साह, विनोद मण्डल, रामचन्द्र साहलगायतको सहभागिता थियो।



तस्वीरः प्रतीक

# विद्यालय भवनको शिलान्यास

प्रस, पोखरिया, २८ मङ्सिर/

कालिकामाई गाउँपालिका–५ स्थित शशिधरकृष्ण नेराप्राविमा बुधवार दुई कोठे पक्की भवन निर्माणको लागि शिलान्यास भएको छ। गापा अध्यक्ष वशिष्ठकुमार गुप्ताले आज एक कार्यक्रमबीच भवनको शिलान्यास गरेका हुन्।

राष्ट्रपति विद्यालय सुधार योजना अन्तर्गत रु १८ लाखको लागतमा सो विद्यालय निर्माण हुन लागेको र आगामी असार मसान्तसम्म कार्य सम्पन्न गर्नेगरी विद्यालय व्यवस्थापन समितिले अमानतमा निर्माण कार्य गर्ने प्रधानाध्यापक सुरेश चौरसियाले बताए।

भवन शिलान्यासपछि अध्यक्ष गुप्ताले गुणस्तरीय र समयमा काम सम्पन्न गर्न समितिलाई निर्देशन दिए।


तस्वीरः प्रतीक

कार्यक्रममा वडाध्यक्ष जयनारायण कुर्मी, विव्यसका अध्यक्ष हनिफ मियाँ, प्रमोद महतो, रामप्रसाद पटेललगायतको सहभागिता थियो।

# विपन्न तीन परिवारलाई नगद सहयोग

प्रस, पोखरिया, २८ मङ्सिर/

ठोरी गाउँपालिका–५ ठूलो बाघमोर्चामा ठोरी युथ भिजन फाउन्डेशनले विपन्न तीन परिवारलाई जनही दश हजार रुपैयाँ सहयोग गरेको छ।

चीसोमा तातो कपडा, सिरक खरीद गर्न तीन विपन्न परिवारलाई नगद सहयोग गरेको फाउन्डेशनका अध्यक्ष नारायण वाइवाले बताए।

फाउन्डेशनका अध्यक्ष वाइवा, सदस्य देवमाया लोप्चन र पूजा लोप्चनले सो रकम वितरण गरेका थिए।

ठोरी गापा–५ ठूलो बाघमोर्चा निवासी सानमाया घलान, भगवतीमाई पाखिन र विविमाया लोप्चनलाई नगद सहयोग गरिएको हो।

विदेशमा रहेका युवाहरूको सङ्गठन ठूलो बाघमोर्चा एकता समाजले उपलब्ध गराएको सहयोग रकम ठोरी युथ भिजन फाउन्डेशनमार्फत वितरण गरिएको हो।


तस्वीरः सौजन्य

# सांसदको भत्ताबाहेकको सुविधा कटौती गर्न माग

प्रस, वीरगंज, २८ मङ्सिर/

राष्ट्रिय एकता अभियान, नेपालले सांसदलाई दिइँदै आएको तलब सुविधा तथा विकास कोष यथाशीघ्र बन्द गर्न प्रधानमन्त्री शेरबहादुर देउवासँग माग गरेको छ।

राष्ट्रिय एकता अभियानका अध्यक्ष विनय यादवको नेतृत्वमा बुधवार प्रधानमन्त्री देउवालाई भेट गरी सो आशयको ज्ञापनपत्र बुझाइएको थियो।


तस्वीरः सौजन्य

प्रम देउवालाई बुझाइएको ज्ञापनमा विश्वव्यापी मन्दीको प्रभावले नेपालमा परेको असर अनि व्यक्तिगत कर्जा र व्यावसायिक कर्जाको ब्याज तथा किस्ताहरू नउठेर सबै बैंकको आर्थिक अवस्था खराब भएको, ब्याजदर अप्रत्याशितरूपले बढेको, बैंकको ब्याज तिर्न नसकेर थुप्रै व्यापारी अवसादको शिकार भएको, कतिपय आत्महत्या गर्न बाध्य भएको, धेरै मानिस व्यापार–व्यवसाय बन्द गरी पलायन हुनुपरेको, कृषि उत्पादको उचित मूल्य र मल नपाएर कृषकहरूमा कृषिप्रति उदासीनता छाएको अवस्थामा सरकारले नै उचित कदम चालेर अनावश्यक व्ययभार कम गर्नुपर्ने उल्लेख छ।

देशको सर्वोच्च निकाय सङ्घीय संसद् भार थेग्न नसक्ने गरी मुलुकको ढुकुटी रित्याउने माध्यम बन्न जाँदा संसद्माथि जनताको भरोसा नै टुट्ने जोखिम पैदा भएको भन्दै यसका लागि सांसदमाथि हुने व्ययभार कटौती गर्न अत्यावश्यक रहेको ज्ञापनमा उल्लेख गरिएको छ। ज्ञापन बुझाउँदै अध्यक्ष यादवले सङ्घीय र प्रदेशसभा दुवै तहका सांसदहरूले पाउने दैनिक भत्ताबाहेक सबै तलब सुविधा तथा विकास कोष यथाशीघ्र बन्द गर्न माग गरे।

# अभिभावक सङ्घद्वारा वर्गीकरण खारेजीको माग

प्रस, वीरगंज, २८ मङ्सिर/

अभिभावक सङ्घ वीरगंजले वीरगंज महानगरपालिका कार्यालयले गरेको संस्थागत विद्यालयहरूको वर्गीकरण, शुल्क निर्धारण वैज्ञानिक तरीकाबाट नभएको र सरोकारवालाहरूसँग छलफल, समीक्षा नगरेर ल्याएको भन्दै खारेजीको माग गरेको छ।

सङ्घका अध्यक्ष सन्दीप साहले बुधवार वीरगंज महानगरपालिका कार्यालयलाई ज्ञापन बुझाउँदै संस्थागत विद्यालयहरूको वर्गीकरण र शुल्क निर्धारण खारेज हुनुपर्ने माग गरे। उनले वर्गीकरण र शुल्क निर्धारण कार्य महानगरले गर्नुपर्ने तर सरोकारवालाहरूसँग छलफल र समितिमा अभिभावक सङ्घका प्रतिनिधि राख्नुपर्ने माग गरेका छन्।

अध्यक्ष साहले महानगरले गरेको वर्गीकरणबाट संस्थागत विद्यालयहरूको शुल्क बढेको र अभिभावकहरू थप मारमा परेको ज्ञापनमार्फत उल्लेख गरेका छन्।

उनले विगतमा अभिभावक सङ्घर्ष समितिमार्फत शुल्क वृद्धिको विरोध गर्दै आएकोमा हाल विधिवत् अभिभावक सङ्घ दर्ता गरिसकेको जनाउँदै सङ्घर्ष समितिमार्फत उठाइएका मुद्दाहरू सम्बोधन नभएको र वर्गीकरणबाट केही विद्यालयहरूको शुल्क मात्र घटेको तथा महानगरले छवटा विद्यालयलाई ‘क’ वर्गमा वर्गीकरण गरेकोमा आपत्ति जनाएका छन्। उनले सरोकारवालाहरूसँगको छलफलमा सङ्घका प्रतिनिधि राखेर वर्गीकरण तथा शुल्क निर्धारण गर्न पनि माग गरेका छन्।

# छ थान साइकल र गोलिया बरामद

नरेश यादव, पर्सागढी, २८ मङ्सिर/

सबडिभिजन वन कार्यालय मधुवन मथवल बडनिहारले मङ्गलवार राति छवटा गोलिया काठ बरामद गरेको छ। राष्ट्रिय वनबाट रूख फँडानी गरी चोरी तस्करी गरी ल्याइरहेको अवस्थामा छवटा साइकलमा लोड छ थान सालको गोलिया बरामद भएको सबडिभिजन वन कार्यालय, मधुवन मथवल बडनिहारका जमदार सुरज चौधरीले बताए। उनले पर्सागढी नगरपालिका–३ पारसचोकबाट साइकल र काठ बरामद भएको र आवश्यक कारबाईको लागि सबडिभिजन वन कार्यालय, मधुवन मथवल बडनिहारमा राखिएको बताए।

राति ११ बजे आफ्नै कमान्डमा वनगस्ती गर्दा तस्करहरूले साइकल र गोलिया छाडी भागेको र रातिको समयमा उनीहरूलाई पक्राउ गर्न नसकिएको जमदार चौधरीले बताए।

# कोरोनाको ५० लाख खोप मौज्दात

काठमाडौं, २८ मङ्सिर/रासस


कोरोना भाइरसविरुद्धको खोप करीब ५० लाख मात्रा मौज्दात रहेको छ। कोरोना भाइरसको सङ्क्रमण घट्दै गएपछि खोपको माग पनि कम भएकाले मौज्दात रहन गएको हो।

स्वास्थ्य सेवा विभाग आपूर्ति व्यवस्थापन शाखा प्रमुख डा सुरेन्द्र चौरसियाका अनुसार हाल ४९ लाख २१ हजार ६३२ मात्रा खोप मौज्दात छ। उनले अहिले सङ्क्रमण घटिरहेकाले माग नहुँदा खोपको मौज्दात रहेको जानकारी दिए। सबैभन्दा बढी भेरोसेल खोप मौज्दात छ। भेरोसेल ४३ लाख ६६ हजार १६६ मात्रा मौज्दात छ भने फाइजर ६० हजार ७५६ र फाइजर (बालबालिकालाई लगाउने)को चार लाख ९४ हजार ७१० मात्रा मौज्दात छ। सबैभन्दा बढी केन्द्रीय भण्डारण केन्द्र, टेकुमा ४० लाख मात्रा भेरोसेल मौज्दात छ।

प्रदेश नं १ मा पाँच हजार ३७३, मधेस प्रदेशमा ४७ हजार ८९०, वाग्मती प्रदेशमा पाँच लाख ५४ हजार ९६९, हेटौंडामा एक लाख ३५ हजार ३९८ मात्रा खोप मौज्दात छ।

गण्डकी प्रदेशमा सात हजार ६९६, लुम्बिनी प्रदेशमा एक लाख ११ हजार छ, कर्णाली प्रदेशमा ५० हजार ५४६ र सुदूरपश्चिम प्रदेशमा आठ हजार ७५४ मात्रा खोप मौज्दात छ। शाखा प्रमुख डा चौरसियाले माग भएमा प्रदेश र जिल्लामा खोप आपूर्ति गरिने जानकारी दिए।

अहिले दैनिक दशभन्दा कम व्यक्तिमा सङ्क्रमण देखिएको छ। नेपालमा अहिलेसम्म छ करोड ३२ लाख ७६ हजार ७१० मात्रा खोप आइसकेकामा कुल लक्षित जनसङ्ख्यामध्ये ९९ दशमलव पाँच प्रतिशतमा पहिलो मात्रा र ९५ दशमलव सात प्रतिशतमा पूर्ण मात्रा खोप लगाइसकेका छन्। यस्तै, कुल जनसङ्ख्याको ७९ दशमलव पाँच प्रतिशतले पहिलो मात्रा र ७६ दशमलव पाँच प्रतिशतदले पूर्ण मात्राको खोप लगाइसकेका छन्।



तस्वीरः फाइल

# राज्य र यसका आवश्यक तत्त्व

१० वर्षे सशस्त्र नेकपा माओवादी जनयुद्ध र यथास्थितिवादी संसद्वादीहरूको फचुजनबाट ३० वर्षे राजतन्त्रको अन्त्य गरेर संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्रको ठाउँमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र संसदीय व्यवस्था स्थापना भयो तर सबैखाले राजनीतिक द्वन्द्वको अन्त्य हुन सकेन। नेपालमा संसदीय व्यवस्थाको विकल्पमा निम्ति एकीकृत जनक्रान्ति, जनविद्रोह जारी छ। वैज्ञानिक समाजवाद स्थापना गर्न नेपालको संविधान २०७२ परिवर्तन नगरी सुखै छैन। हालै सम्पन्न संसदीय आमनिर्वाचनले पनि स्थिर सरकार, राष्ट्रिय एकता, राष्ट्रिय सुरक्षा, जनजीविकाको प्रत्याभूति, राजनीतिक शान्ति, कूटनीतिक सन्तुलन कायम गर्न सक्ने छाटकाट छैन। बहुदलीय संसदीय व्यवस्था रहेसम्म नेपाल र नेपालीको सर्वोत्तम हित एवं सर्वोपरी विकासका लागि सुशासन, विधिको शासन कायम हुन सक्ला भन्ने कुनै निश्चय छैन। नेपाल प्राचीन देश हो। २०६३ सालसम्म राजतन्त्र रकेको देश हो। सङ्घीय लोकतान्त्रिक गणतन्त्र संसदीय व्यवस्थालाई यतिखेर दलाल पूँजीवादी व्यवस्था भनिएको छ। पाँच दलीय चुनावी गठबन्धनलाई सरकार निर्माण र टिकाउन निरन्तरता दिने भएको छ। जनअनुमोदित भनिएको गठबन्धन सरकार कायम भयो भने परिपक्वता आउने आधार देखिंदैन। सरकारले राजनीतिक स्थिरता कायम गर्न सकेन भने परिवर्तनको लागि विकल्प खोजिन्छ। जनविद्रोहको सम्भावना देखिन्छ। नेपाल सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा परिणत भएपछि नेपाल अधिराज्यबाट राज्य बनेको छ। देशमा सात राज्य (प्रदेश) छन्।

अङ्ग्रेजी भाषामा राज्यलाई स्टेट भनिन्छ। विभिन्न विद्वान्हरूले स्टेटका बारेमा विभिन्न परिभाषा दिएका छन्। राज्य त्यो समुदायलाई भनिन्छ, जसमा त्यो भावना विद्यमान भएको होस् कि सबै मिलेर त्यो समुदायको लाभ उपयोग गर्नु छ। कुनै निश्चित भूभागमा रहने

मन्तव्य



– सुदर्शनराज पाण्डे

**दलाल पूँजीवादी अवधारणाको दलाल प्रथा र ठेकेदार प्रथा तथा उपभोक्ता समितिमा ठेकेदार व्यवस्थाले सन्तुलित, गुणस्तरीय विकास हुन सक्दैन। जुन कुरा नेपाल राज्यमा नचाहँदा नचाहँदै मौलाएको छ। थोरै व्यक्तिहरूले सहुलियत, सुविधा पाउनु नै राज्यको कर्तव्य र नागरिक अधिकार होइन।**

जुन समान कानून, रीतिरिवाज तथा व्यवहारको कारण एक सूत्रमा बाँधिएको हुन्छ। पछिल्लोपटक बनेको नेपालको राष्ट्रिय गानमा भनिएको छ। हामी सयौं थुङ्गा फूलका एउटै माला नेपाली। सङ्गठितरूपमा रहेर बहुसङ्ख्यक जनताले त्यसलाई स्वीकार गरेको एक निश्चित भूभागलाई राज्य भनिन्छ। राज्यमा आवश्यक तत्त्व जनसङ्ख्या, भूमि, सरकार, सम्प्रभुता हुनुपर्छ। विदेशी हस्तक्षेप, दबाब, प्रभाव, नियन्त्रणबाट मुक्त, स्वतन्त्र र आत्मनिर्भर देश, अनुशासित जनता भए मात्र देश शक्तिशाली र प्रभावशाली हुन्छ। देशको भूराजनीतिक अवस्थामा सन्तुलन कायम गर्न सके मात्र वाञ्छितरूपमा देश सुरक्षित र विकसित हुन्छ। देशको क्षेत्रफल सानो वा ठूलो भन्ने होइन, आत्मनिर्भरता र अनुशासनले देश प्रभावशाली र गर्वशाली बन्न पुग्छ। नेपाल राज्यमा यी धेरै कुराको कमी छ। विश्वलाई लोभ्याउने संवेदनशील र गम्भीर सामरिक महत्त्व छ। प्राकृतिक र जैविक विविधतामा धनी छ। विश्वकै पानीको दोस्रो धनी देश राम्रो पर्यटकीय गन्तव्य भएको देश परिश्रमी र इमानदार जनता भएको देश अहिले राजनीतिक कार्यदिशा र पद्धति निकम्मा भएको कारण चुत्थो र अविश्वासिलो देशको रूपमा परिणत भएको छ। सबै कुरा भएर पनि केही नभएजस्तो, सबै कुरा गुमाउन खोज्दै गएको देश नेपाल राजनीतिक नेतृत्वका कारण हुँदैछ। पार्टीका नेता भनाउँदा नकचराहरू धेरै छन् तर कुशल राज नेतृत्व स्थापित हुन सकेको छैन। श्री गुमाएको श्रीपेंचजस्तो बनेको छ देश। वैदेशिक रोजगारमा जनता रमाउँदै छ। तथाकथित पार्टीका नेता, कार्यकर्ता, विदेशी दलाल अनुशासनहीन कार्य र अनुत्पादक कार्यमा समय खेर फाल्दै गइरहेका छन्। नेपाल एउटा अपुग भाग्य र भविष्य गुमाउन खोज्दै गरेको देश र समाज बन्दैछ।

राज्य भनेको मनुष्यको एक समुदाय हो। राष्ट्रिय भावना र एकताको पुञ्ज हो। जनसङ्ख्याविना राज्य हुँदैन। रैथाने नेपाली जनता आफ्नो थातथलो छाडेर तितरवितर हुने, भौंतारिने तर भारतीय आप्रवासीको प्रभाव र दबाब बढ्दै गएपछि सुखी नेपाली सम्पन्न नेपाल कसरी बन्छ, कसरी रहन्छ ?

कुनै कुरा भनेर हुँदैन, व्यवहारमा मूर्तरूपमा देखिनुपर्दछ। नेपालीहरू विश्वभर छरिएका छन्। तिनीहरू सबैको भावना राष्ट्रप्रति जिम्मेवार हुने हो भने आत्मसम्मान र आत्मउन्नतिमा कुनै कमी आउनै सक्दैन तर भावनामा बगेर मात्र केही गर्न सकिंदैन र केही हुन सक्दो रहेनछ। भूमिको अनुपातमा जनसङ्ख्या ज्यादा हुनुहुँदैन। देशमा आप्रवासीको सङ्ख्या बढ्दै गएपछि देश पलायन, विलय र द्वन्द्व हुन सक्छ। अशान्ति र अस्थिरता विकास निर्माण र उन्नति प्रगतिको बाधक हो। यो अवस्था नेपालमा स्पष्ट देखिएको छ। राजनीतिशास्त्र र विचारको अत्यन्त महत्त्व छ। असल विचार र राजनीतिशास्त्रले न्यायपूर्ण देशभक्ति राजनीतिक आन्दोलन, वादहरू, सिद्धान्तहरू आदिको ज्ञान प्रदान गर्छ। देशको हावापानी, माटो, देश, काल, परिस्थिति सुहाउँदो राजनीतिक व्यवस्था नभएसम्म देशको अवस्था सुध्रिन सक्दैन। राजनीति र कूटनीतिबीच अन्योन्याश्रित सम्बन्ध र सन्तुलन हुनुपर्दछ। देश सबैको साझा हो। विकासको प्रतिफल सबै नागरिकले समानरूपमा पाउनुपर्दछ। देश निर्माणमा जनसहभागिताको अग्रणी भूमिका हुनुपर्दछ। दलाल पूँजीवादी अवधारणाको दलाल प्रथा र ठेकेदार प्रथा तथा उपभोक्ता समितिमा ठेकेदार व्यवस्थाले सन्तुलित, गुणस्तरीय विकास हुन सक्दैन। जुन कुरा नेपाल राज्यमा नचाहँदा नचाहँदै मौलाएको छ। थोरै व्यक्तिहरूले सहुलियत, सुविधा पाउनु नै राज्यको कर्तव्य र नागरिक अधिकार होइन। यो प्रजातन्त्र र लोकतन्त्रको सफल आधार पनि होइन। जनसङ्ख्या, भूभाग, सम्प्रभुता, संस्कार कहाँ छ भनेर नेपाल राज्यमा खोज्नुपर्ने अवस्था छ। नेपाल राज्य राजनीतिक अभ्यास र बहुसङ्ख्यक जनताको लागि अभावको थलो बन्दैछ। हामीले खोजेको र जानेको परिवर्तन यही हो ?

# लागूऔषधको कुलतमा नफस्न उपप्रमुखको सुझाव

प्रस, वीरगंज, २८ मङ्सिर/

वीरगंज उपमहानगरपालिकाका उपप्रमुख इम्तियाज आलमले देशको युवा पीढी लागूऔषधको कुलतमा फस्दै गएकोमा चिन्ता व्यक्त गरेका छन्।

वीरगंज महानगर-६ स्थित माईस्थान विद्यापीठ माध्यमिक विद्यालयमा बुधवार आयोजित लागूऔषध, एचआइभी एड्स र हेपाटाइटिससम्बन्धी एक दिने अनुशिक्षण कार्यक्रममा उपप्रमुख आलमले सीमावर्ती भारतको रक्सौलबाट वीरगंजलगायत नेपालका विभिन्न शहरका युवाहरूले लागूऔषध खरीद गर्ने, बिक्री गर्ने जस्ता कार्यमा लागेको बताए।

उनले लागूऔषधको कुलतमा लागेका युवाहरूलाई कुलतबाट मुक्त गर्न निकै समस्या हुने गरेको बताए। उनले कुनै पनि कारणबाट लागूऔषधको कुलतको शिकार नहुन विद्यार्थीहरूलाई सुझाए।

लागूऔषधको कुलतको शिकार हुनेहरू आर्थिकरूपमा कमजोर बन्दै जाने, विभिन्न रोगको शिकार हुने र रिहाबसम्म पुग्ने अनि अन्त्यमा ज्यानै गुमाउने गरेकाले त्यस्तो कुलतको शिकार हुनबाट जोगिन आग्रह गरे।

विद्यालयका प्रधानाध्यापक मन्जुर आलम र नेविसङ्घ, पर्साका सचिव राहुल गुप्ताले सहजीकरण गरेको कार्यक्रममा विद्यालयका कक्षा ९ र १० मा अध्ययनरत विद्यार्थीहरूको सहभागिता थियो।



तस्वीरः सौजन्य




**जोखिम मोलेर विद्यालय :** सुनसरीको हरिनगर गाउँपालिकामा विद्यालयको सवारीसाधनमा झुन्डिएर यात्रा गर्दै विद्यार्थी। तस्वीरः रासस

## फरक समाचार

# न्युक्लियर फचुजनमा अमेरिकाले ठूलो सफलता पायो

अमेरिकाले न्युक्लियर फचुजनमा सफलता पाएको छ। वैज्ञानिकले ऊर्जाको असीमित, सुरक्षित र स्वच्छ स्रोतलाई अनलक गर्ने अनुसन्धानमा सफलता



हासिल गरेको छ। दाबी गरिंदैछ कि न्युक्लियर फचुजनमा सफलताले असीम स्वच्छ ऊर्जा ल्याउन सक्छ। मिडिया रिपोर्टहरूका अनुसार इतिहासमा पहिलोपटक अमेरिकाको क्यालिफोर्नियामा लरेन्स लिभरमोर नेशनल लेबोरेटरीमा नेशनल इग्निशन फैसिलिटीमा वैज्ञानिकले न्युक्लियर फचुजन रिएक्शनलाई अन्जाम दिनमा सफलता पाएको छ। यसबाट सूर्यसरह एकदमै शुद्ध ऊर्जा उत्पादन गर्न सकिन्छ।

न्युक्लियर फचुजनमा हाइड्रोजनजस्तो हलुका तत्त्वलाई एकसाथ तोडिन्छ। यस प्रक्रियामा ऊर्जाको एउटा ठूलो विस्फोट हुन्छ। सन् १९५० को दशकमा न्युक्लियर फचुजनमाथि अनुसन्धान शुरू भएको थियो। तर सफलता पाइएन। यद्यपि केही मिडिया रिपोर्टका अनुसार अहिले क्यालिफोर्नियामा लरेन्स लिभरमोर नेशनल लेबोरेटरीमा राष्ट्रिय प्रज्वलन सुविधा (एनआइएफ)लाई पुष्टि गर्नुपर्छ। शोधकर्ताले केवल २.१ एमजेको उपयोग गरेपछि २.५ एमजे ऊर्जा बनाउन सफलता पाएका छन्।

साइन्स एन्ड टेक्नोलोजी फैसिलिटिज काउन्सिल (एसटिएफसी) सेन्ट्रल लेजर फैसिलिटी (सिएलएफ) प्लाज्मा फिजिक्स ग्रुपका डा रोबी स्केटले भने ऊर्जा क्षेत्रमा यो एउटा महत्त्वपूर्ण उपलब्धि भएको बताए। स्कट पनि यस शोधका अङ्ग हुन्।

**कसरी हुन्छ न्युक्लियर फचुजनः** न्युक्लियर फचुजनलाई परमाणु संलयन पनि भनिन्छ। यसमा सूर्यसरह नै शक्ति प्रदान गर्ने ऊर्जाको निर्माण गरिन्छ। यो तब हुन्छ, जब दुई वा दुईभन्दा बढी परमाणु एकअर्कासँग जोडिन्छन् र भारी मात्रामा ऊर्जाको निर्माण गर्छ।

**न्युक्लियर फचुजनलाई बुझौंः** मिडिया रिपोर्ट अनुसार अहिले परमाणु रिएक्टरबाट जुन ऊर्जा पैदा हुन्छ, त्यसको प्रयोग संसारमा बिजुली निर्माणको साथसाथै अलग-अलग ऊर्जा आवश्यकताको लागि हुन्छ। यसमा सबैभन्दा बढी समस्या यो छ कि ऊर्जाको साथसाथै न्युक्लियर फोहर पनि निर्माण हुन्छ, जसलाई नष्ट गर्न निकै गाऱ्हो हुन्छ। त्यस्तै, अर्कोतर्फ परमाणु संलयनको माध्यमबाट मुख्यरूपले ड्युटेरियम र ट्रिटियम तत्त्वको प्रयोग गरिन्छ र यी दुवै हाइड्रोजनको समान हुन्छन्। सजिलो भाषामा भन्दा न्युक्लियर फचुजनबाट कुनै प्रकारको फोहर उत्पन्न हुँदैन।

# कृत्रिम गर्भबाट बच्चा उत्पादन गरिने

संसारको पहिलो कृत्रिम गर्भ सुविधाको अवधारणालाई लिएर एउटा ठूलो खुलासा भएको छ। एक्टोलाइफ नामक सुविधा हरेक वर्ष ३० हजार बच्चालाई




उत्पादन गर्ने दाबी गरेको छ। यो सुविधाको लागि जानीबुझीकन प्रोडक्शनको शब्द प्रयोग गरिएको छ। यसबारेमा यमनी मोलिक्युलर बायोटेक्नोलोजिस्ट हसम अल-घाइलीद्वारा एउटा एनिमेशन भिडियो जारी गरिएको छ।

इन्टरनेटमा यो भिडियो हेर्नेहरू हैरान छन्। भिडियो हेर्दा साइन्स फिक्शन चलचित्रजस्तो लाग्छ। सुपर इनोभेटर्सको रिपोर्ट अनुसार हाल यो सुविधा उपलब्ध छैन। तर भिडियोमा दाबी गरिएको छ कि यस सुविधाको उद्देश्य जनसङ्ख्यामा गिरावट भइरहेका देशहरूलाई मदत गर्नु हो। ८:३९ मिनेटको एनिमेशन भिडियोमा दाबी गरिएको छ कि यो सुवधा पूर्णरूपले रिन्युबल एनर्जीबाट सञ्चालित हुनेछ। एक्टोलाइफ सुविधाको लागि प्रयोगशालामा ठूलो सङ्ख्यामा पोड्स वा कृत्रिम गर्भ हुनेछन्। यसभित्र बच्चाको पालनपोषण हुन्छ। भिडियोमा भ्वाइसओभरद्वारा भनिएको छ कि एक्टोलाइफले निस्सन्तान दम्पतीलाई एउटा बच्चा गर्भधारण गर्न र उनीहरूको बच्चालाई सच्चा मातापिता बन्ने अनुमति दिनेछ। साथै यो त्यस्ता महिलाको लागि समाधानको समान हो, जसको गर्भाशय क्यान्सर वा अन्य जटिलताको कारण शल्यक्रियाको माध्यमबाट हटाइएको छ। भिडियोमा भनिएको छ, यस सुविधामा ७५ वटा प्रयोगशाला छन्। यी प्रयोगशाला चार सय पोड्स कृत्रिम गर्भाशय उब्जाउन सक्षम छन्। भिडियोमा भनिएको छ, पोड्सलाई आमाको गर्भाशय र त्यसभित्र रहेको बच्चा अनुकूल बनाउन डिजाइन गरिएको छ। यसको साथै ग्रोथ पोड्समा सेन्सर पनि हुनेछ, जुन बच्चाको महत्त्वपूर्ण सङ्केत जस्तै मुटुको ढुकढुकी, रक्तचाप, सास फेर्ने दर र अक्सिजन सन्तृप्तिको निगरानी गर्नेछ। भिडियोमा दाबी गरिएको छ, यस्तो भ्रूणले कुनै पनि सम्भावित आनुवंशिक असामान्यताको निगरानी पनि गर्न सक्छ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## न्युजिल्यान्डमा चुरोट खरीदमा आजीवन प्रतिबन्ध



तस्वीरः रायटर्स

वेलिङ्टन, २८ मङ्सिर/एपी

न्युजिल्यान्ड सरकारले जनस्वास्थ्य रक्षालाई केन्द्रमा राखेर चुरोट खरीदमा आजीवन प्रतिबन्ध लगाएको छ। विशेषगरी युवावर्गलाई लक्षित गरी सरकारले त्यसमा आजीवन प्रतिबन्ध लगाएको हो।

सुर्तीजन्य धूमपानलाई चरणबद्धरूपमा नियन्त्रण गर्न सरकारले पारित गरेको कानून अनुसार अब सन् २००९ जनवरी १ वा त्यसपछि जन्मेका कसैलाई पनि सुर्ती वा चुरोट बेच्न पाइनेछैन। यसको अर्थ अब चुरोट किन्न न्यूनतम उमेर बढ्दै जानेछ। सैद्धान्तिकरूपमा अब ५० वर्षपछि चुरोटको प्याकेट किन्न खोज्ने जो कोहीले आफू कम्तीमा ६३ वर्ष पुगेको परिचयपत्र देखाउनुपर्नेछ।

स्वास्थ्य अधिकारीहरूले त्योभन्दा पहिले देशबाट धूमपानको अम्मल हराउने विश्वास गरेका छन्। उनीहरूले सन् २०२५ सम्ममा न्युजिल्यान्डलाई धूमपानमुक्त बनाउने लक्ष्य लिएका छन्। नयाँ कानूनले चुरोट बेच्न अनुमति दिने खुद्रा विक्रेताको सङ्ख्या पनि छ हजारबाट घटाएर छ सय पुऱ्याएको छ भने सुर्तीमा निकोटिनको मात्रा पनि उल्लेख्यरूपमा घटाएको छ।

मानिस मार्ने उत्पादन बेच्ने अनुमति दिनुपर्ने कुनै उपयुक्त कारण नभएको तथा त्यसलाई प्रयोग गर्ने आधा मानिस त्यसबाट मर्ने जोखिम उच्च रहेको स्वास्थ्यमन्त्री डा आयशा भेरलले संसद्मा बताइन्। उनले प्रतिबन्ध लगाउने कानून पारित भएपछि धूमपानको अन्त्य हुनेमा आफू विश्वस्त रहेको बताइन्। "धूमपानबाट हुने क्यान्सर, हृदयाघातलगायत जटिल रोगको उपचार गर्न नपर्ने भएपछि अर्बौं डलर जोगिने छ, अहिलेको युवापुस्ताको स्वास्थ्य स्वस्थ रहनेछ। र त्यसले भावी पुस्तालाई धूमपानरहित जीवन जिउन प्रेरित गर्नेछ," उनले भनिन्। रासस

## कङ्गोमा बाढीपहिरोः एक सयजनाको मृत्यु

किन्सासा, २८ मङ्सिर/एपी

भारी वर्षाका कारण यहाँ आएको बाढीपहिरोमा परी कम्तीमा एक सयजनाको मृत्यु भएको छ भने कैयौंजना घाइते भएका छन्। प्रधानमन्त्री जीन मिसेल सामा लुकोन्डेले खोज तथा उद्धारमा अधिकारीहरू अझै क्रियाशील रहेको बताएका छन्।

प्रधानमन्त्री लुकोन्डेले बाढीपहिरामा परी हराएकाको खोजी भइरहेको, त्यसबाट भएको क्षतिको आकलन पनि भइरहेको सरकारी टेलिभिजनलाई बताएका छन्। झन्डै १२ लाख जनसङ्ख्या रहेको राजधानी किन्सासाका २४ वटा क्षेत्र बाढीपहिरोबाट अधिक प्रभावित भएका छन्। घरहरू डुबेका छन् भने सडक भत्किएका छन्।

गालिमियाँ क्षेत्रमा ३६ जनाभन्दा बढीको मृत्यु भएको तथा शवको गणना भइरहेको, शहरको अर्को भागमा एकै परिवारका पाँचजनाको मृत्यु भएको तथा केहीको करेन्ट लागेर मृत्यु भएको नगरप्रमुख अलिद शिबान्डाले बताएका छन्।

गत सोमवारदेखि परेको अविरल वर्षाले महाविपत्ति निम्त्याएको नगरप्रमुख शिबान्डाले बताए। अधिकांश क्षति अनुमतिविना बनाइएका घरमा भएको छ। सन् २०१९ मा पनि बाढीपहिरोमा परी ३२ जनाले ज्यान गुमाएका थिए। रासस

## आतङ्कवाद नियन्त्रणमा सबैको समन्वय आवश्यक -लेबनानी प्रधानमन्त्री

बेरुत, २८ मङ्सिर/सिन्हवा

लेबनानका कार्यवाहक प्रधानमन्त्री नाजिब मिकातीले आतङ्कवादका विरुद्धमा लड्नका लागि कुनै एकमात्र देशको प्रयास सम्भव नभएकाले सबै देशले आपसमा सहयोग र समन्वयका साथ लाग्नुपर्ने बताएका छन्।

उनले भने- कुनै एक देश आतङ्कवादीहरूबाट पीडित छ भने यो समस्या कुनै एक देशले मात्र सामना गर्न सक्दैन, सबैको सहयोग आवश्यक पर्दछ। सबै देशले एकापसमा समन्वय गरेर सहकार्य गर्नुपर्दछ।

आतङ्कवाद नियन्त्रणका विषयमा लेबनानको राजधानी बेरुतमा मङ्गलवार आयोजना गरिएको एक कार्यक्रममा उनले सो धारणा राखेका हुन्।

प्रधानमन्त्री मिकातीले भने- विश्व नै गएका केही दशकदेखि आतङ्कवादको चपेटामा परेको छ, विश्वको कुनै एक देश नभएर विश्वका कैयौं देश यो समस्यामा परेका छन्, त्यसैले यसको नियन्त्रणका लागि विश्वले नै समन्वयात्मकरूपमा काम गर्नुपर्छ।

उनले विश्वमा कैयौं देशमा पछिल्ला वर्षहरूमा आतङ्कवादले क्षति पुऱ्याएको, कैयौं नागरिकको ज्यान गएको र अरू धेरै भौतिक सम्पत्तिको पनि क्षति भएकाले यो समस्यालाई समाधान गर्न कुनै एकमात्र देशको प्रयास सम्भव नहुने बताए।

लेबनानी सुरक्षा निकायहरूले पनि विगतमा आतङ्कवाद नियन्त्रणका लागि विभिन्न अपरेशनहरू गरेको, आतङ्कवाद नियन्त्रणका कार्यक्रमहरू सञ्चालन गरेको र सम्भावित आतङ्कवाद हमला रोक्नका लागि निकै सतर्कता अपनाएको पनि उनले बताए। रासस

## कोरोनाबाट कुनै मृत्यु भएको छैन

नयाँ दिल्ली, २८ मङ्सिर/सिन्हवा

मङ्गलवार मध्यरात अर्थात् २४ घण्टाको समयावधिमा देशभरि कोरोनाबाट कुनै पनि मृत्यु नभएको र १५२ जना कोरोनाका नयाँ सङ्क्रमित देखा परेको भारतको स्वास्थ्य मन्त्रालयले बुधवार जनाएको छ।

मार्च २०२० यता दक्षिण एशियाली यस देशमा २४ घण्टाको अवधिमा महामारीका कारण कुनै पनि मृत्यु नभएको र हाल तीन हजार ८४६ सक्रिय सङ्क्रमित रहेको सरकारद्वारा जारी तथ्याङ्कले जानकारी दिएको छ।

कोरोनाको महामारीको सुरुआतदेखि हालसम्म कुल मृत्यु हुने व्यक्तिको सङ्ख्या पाँच लाख ३० हजार ६५८ रहेको स्वास्थ्य मन्त्रालयले जानकारी दिएको छ।

मन्त्रालयका अनुसार हालसम्म भारतमा चार करोड ४१ लाख ४० हजार ७४३ जना निको भएका छन्।

हालसम्म देशभर ९० करोड ८० लाखभन्दा बढी कोभिड-१९ परीक्षण भइसकेको मन्त्रालयको बुधवारको तथ्याङ्कले देखाएको छ। रासस


पारदर्शी बनौं,
भ्रष्टाचार रोकौं।

वीरगंज महानगरपालिका कार्यालय


### आजको राशिफल

| | |
|---|---|
| मेष – चोरभय | वृष – भयचिन्ता |
| मिथुन – मित्रमिलन | कर्कट – कान्तिक्षय |
| सिंह – सुयश | कन्या – खर्चवृद्धि |
| तुला – धनलाभ | वृश्चिक – सफलता |
| धनु – अलमल | मकर – रोगभय |
| कुम्भ – व्यापारवृद्धि | मीन – शत्रुभय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

### रानीघाट-पोखरिया बस समिति

भिस्वा- बिहान ७:४० बजे
भिस्वा- बिहान १०:०० बजे
भिस्वा- मध्याह्न १२:०० बजे
भिस्वा- दिउँसो १:३० बजे
दसौता- दिउँसो २:३० बजे
सेढवा- दिउँसो ३ बजे
देउरिया- दिउँसो ३:१५ बजे
भिस्वा- दिउँसो: ३:४० बजे

## नगराइनमा चौतर्फी आन्दोलन

प्रस, जनकपुरधाम, २८ मङ्सिर/

धनुषा जिल्लाको नगराइन नगरपालिकामा आन्दोलनरत विद्यार्थीहरूले बुधवार पनि सडक अवरुद्ध गरेका छन्। उनीहरूले विद्यालय सञ्चालन तथा नियमित पठनपाठनको माग गर्दै बुधवार पाँचौं दिन पनि जनकपुर-जटही छ लेन सडक अवरुद्ध गरेका हुन्।

पालिकाका जनप्रतिनिधिहरूबीच विवादका कारण पालिकास्थित शिक्षक एवं कर्मचारीहरूले तलब पारिश्रमिक नपाएपछि केही दिनदेखि शिक्षक कर्मचारीहरू आन्दोलनमा उत्रिएकाले विद्यालय ठप्प छ। विवादका कारण नगरसभा बस्न नसक्दा कर्मचारी, स्वास्थ्यकर्मी, शिक्षक, जनप्रतिनिधिले तलबभत्ता खान पाएका छैनन्। तलबभत्ता नपाएका कारण पछिल्लो दुई सातादेखि कर्मचारी, शिक्षक काम ठप्प पारेर आन्दोलनमा उत्रिएका छन्।

नगराइन नपामा नेपाली काङ्ग्रेसको तर्फबाट विजयी नगरप्रमुख अल्पमतमा छन् भने एमालेबाट विजयी उपाध्यक्षसहितको टीम बहुमतमा छ। स्थानीय सरकार सञ्चालन कार्यविधि संशोधनको विषयलाई लिएर नेकपा एमाले र नेपाली काङ्ग्रेसबाट नवनिर्वाचित जनप्रतिनिधिबीच विवाद बढेको हो।

यहाँ विद्यार्थी एवं शिक्षक कर्मचारीको मात्रै आन्दोलन छैन। एमालेबाट निर्वाचित जनप्रतिनिधिसमेत आन्दोलनमा उत्रिएका छन्। पालिकाले तय गरेको 'स्थानीय सरकार सञ्चालन कार्यविधि २०७४' लागू गर्न माग गर्दै उपप्रमुखलगायत एमाले पक्षधर जनप्रतिनिधि आन्दोलनमा छन्। चौतर्फी आन्दोलनले द्वन्द्व झन् बढ्दै गएको पालिकाका जिम्मेवार पदाधिकारीहरूको ठहर छ। हाल नगरपालिका कार्यालय, शिक्षण संस्था, स्वास्थ्यचौकीलगायत सरकारी निकाय पूर्णरूपले बन्द छ।

विवादको मूल जड स्थानीय सरकार सञ्चालन कार्यविधि २०७४ हो। त्यस बेला नगरप्रमुख र उपप्रमुखसहित बहुमत कार्यपालिका सदस्य काङ्ग्रेसले जितेको थियो। उसले २०७६ सालमा कार्यविधिका दुईवटा बुँदा संशोधन गऱ्यो। त्यति बेला संशोधित बुँदा अब खारेज गर्नुपर्ने एमाले पक्षधरको अडान छ।





तस्वीरः फाइल

नगरप्रमुखले आफूले चाहे गर्न सक्ने बाटो खुला राख्ने दुराशयले संशोधन गरिएको कार्यविधि मान्य नहुने उनीहरूको भनाइ छ।

सो नगरपालिकामा २०७४ मा नगरप्रमुख, उपप्रमुखसहित बहुमत कार्यपालिका सदस्य काङ्ग्रेसबाट निर्वाचित थिए। २०७९ को निर्वाचनबाट एमालेले नगरप्रमुखबाहेक उपप्रमुखसहित बहुमत सदस्य जितेको छ। १९ जना कार्यपालिका सदस्यमा नगरप्रमुखसहित छजना मात्र काङ्ग्रेसका छन्।

एमालेबाट निर्वाचित जनप्रतिनिधि कार्यविधिमा गरिएको संशोधन हटाउन चाहन्छन्। उनीहरू २०७४ कै कार्यविधि ठीक रहेको बताइरहेका छन्। २०७६ मा पालिकाद्वारा गरिएको कार्यविधिको संशोधन खारेज गर्नुपर्ने उपप्रमुख राधादेवी यादवले बताइन्।

"नगरप्रमुखले एकलौटी सरकार सञ्चालन गर्ने कार्यविधि २०७६ खारेज गर्नुपर्छ। २०७४ लागू हुनुपर्छ," उपप्रमुख राधादेवीले भनिन्, "तर त्यसलाई नगरप्रमुख प्यानल लागू गर्ने पक्षमा देखिएन। २०७४ लागू नभएसम्म हाम्रो सङ्घर्ष जारी रहन्छ," उपप्रमुखको चेतावनी छ।

यता नगरप्रमुख विनयकुमार यादवले भने बहुमत कार्यपालिका सदस्यको आडमा नगरपालिकालाई एमाले पक्षले अनिर्णयको बन्दी बनाएको आरोप लगाए। उपप्रमुख पक्षधर जनप्रतिनिधिहरू समस्या समाधानको निम्ति छलफलमा समेत बस्न नचाहेको नगरप्रमुख यादवले बताएका छन्।

## घरेलु हिंसाको आरोपमा डा चौधरी पक्राउ

प्रस, महोत्तरी, २८ मङ्सिर/

दाइजोको निहुँमा पत्नी नेहा चौधरीलाई कुटपिट गरी घर निकाला गरेको आरोपमा महोत्तरीका डा पङ्कज चौधरी हिजो मङ्गलवार साँझ पक्राउ परेका छन्।

जिल्लाको रामगोपालपुर नगरपालिका वडा नं ५ का ३५ वर्षीय डा चौधरीलाई पक्राउ गरिएको महोत्तरीका प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक सन्तोष पोखरेलले पुष्टि गरेका छन्। नेहाले दिएको दाइजोविरुद्धको जाहेरीका आधारमा उनका पति डा चौधरीलाई पक्राउ गरिएको प्रनाउ पोखरेलले बताए।

नेहाले घरेलु हिंसासम्बन्धी उजूरी जिल्ला प्रहरी कार्यालय, महोत्तरीमा बितेको कात्तिक ४ गते दर्ता गराएकी थिइन्। त्यस बेला प्रहरीले डा चौधरीलाई तीन दिन थुनामा राखेर मुक्त गरेको थियो। डा चौधरीमाथि दाइजोविरुद्धको कसूरमा कारबाई हुनुपर्ने दबाब बढ्दै गएपछि प्रहरीले पुनः पक्राउ गरेको हो। दाइजोविरुद्धको कसूरमा कारबाही चलाउन डा चौधरीमाथि अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय, महोत्तरीले जनाएको छ।

महोत्तरीकै औरही नगरपालिका वडा नं १ की नेहा र डा चौधरीबीच गत फागुनमा विवाह भएको थियो। तीन वर्षदेखि प्रेम सम्बन्धमा रहेका उनीहरूबीच सामाजिक परम्परा अनुसार विवाह भएको थियो। विवाहको क्रममा नगद र सुनचाँदी खरीदमा समेत एक करोड २५ लाख रुपैयाँ नेहाको परिवारले खर्च गरेको थियो।

विवाहको चार महीना पुग्दा नपुग्दै दाइजोको निहुँमा डा चौधरी र नेहाबीच खटपट शुरू भएको थियो। डा चौधरीले थप दाइजो माग गर्दै काठमाडौंमा घर किनिदिन दबाब दिएको नेहाको भनाइ छ। माग पूरा नभएपछि आफूलाई कुटपिट तथा यातना दिइरहेको नेहाको जाहेरीमा उल्लेख छ।


पोखरिया नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पोखरिया, पर्सा
मधेस प्रदेश, नेपाल

## कृषि स्नातक प्राविधिक करारमा पदपूर्ति गर्नेसम्बन्धी सूचना

प्रथमपटक प्रकाशित मिति : २०७९/०८/२९ गते

यस पोखरिया नगरपालिकाको लागि तपसिलका पदहरूमा देहायका सङ्ख्या र योग्यता भएका कर्मचारी राख्नुपर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरूले यो सूचना प्रकाशित भएको मितिले ७औं दिनभित्र कार्यालय समयभित्र तोकिएको शुल्क तिरेको रसिदसहित दरखास्त दिनुहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| विज्ञापन नं. | पद | तह | न्यूनतम शैक्षिक योग्यता | माग सङ्ख्या |
|---|---|---|---|---|
| २/२०७९/८० | पशु चिकित्सक | अधिकृत छैटौं | मान्यताप्राप्त विश्वविद्यालय वा शैक्षिक संस्थाबाट पशु चिकित्सा विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण भएको र परिषद् दर्ता भएको | १ (एक) |
| ३/२०७९/८० | कृषि स्नातक | अधिकृत छैटौं | मान्यताप्राप्त विश्वविद्यालय वा शैक्षिक संस्थाबाट कृषि विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण भएको | १ (एक) |

**अधिकृत पदको लागि आवश्यक न्यूनतम योग्यता**

१) **पाठ्यक्रम :** लोकसेवा आयोगबाट तोकिए बमोजिम
२) **दरखास्त दिने अन्तिम मिति :** २०७९/०९/०६ गते (कार्यालय समयभित्र)
३) **दरखास्त फाराम पाइने र बुझाइने स्थान :** पोखरिया नपा पशु सेवा शाखा, पोखरिया, पर्सा
४) **दरखास्त दस्तुर :** रु १०००/- (अक्षरेपि एक हजार मात्र)
५) **परीक्षाको किसिम :** लिखित परीक्षा (वस्तुगत तथा अन्तर्वार्ता)
६) **परीक्षा मिति :** पछि प्रकाशन गरिनेछ।
७) **उम्मेदवारको उमेरको हद :** कम्तीमा २१ वर्ष पूरा भई ३५ वर्ष ननाघेको र महिलाको हकमा ४० वर्ष ननाघेको।
८) **दरखास्त साथ संलग्न कागजातहरू :** आवेदक स्वयंले प्रमाणित गरेको न्यूनतम योग्यताको प्रमाणित प्रतिलिपि, परिषद् दर्ता प्रमाणपत्र प्रतिलिपि (प.चि.को हकमा), नेपाली नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, चारित्रिक प्रमाणपत्रको प्रतिलिपि, अनुभव खुल्ने कागजात र दुई प्रति पासपोर्ट साइजको फोटो पेश गर्नुपर्नेछ।
९) **पारिश्रमिक र सेवा सुविधा :** स्थानीय तहमा कृषि स्नातक प्राविधिक परिचालन कार्यविधि २०७९ को दफा अनुसार।

**नोट : आवेदनको ढाँचा र कृषि स्नातक र पशु चिकित्सक पदको कार्य विवरणलगायत अन्य थप जानकारीको लागि यस नपाको पशु सेवा शाखामा सम्पर्क गर्नुहुन।**

# सहयात्री बचतको १५औं साधारणसभा सम्पन्न

प्रस, पर्सागढी, २८ मङ्सिर/

सहयात्री बचत तथा ऋण सहकारी संस्थाको १५औं वार्षिक साधारणसभा सम्पन्न भएको छ । पर्सागढी नगरपालिका–४ स्थित सबैयाटाँडीमा रहेको संस्थाको वार्षिक साधारणसभाको उद्घाटन जिल्ला बचत तथा ऋण सहकारी संस्था लि., पर्साका अध्यक्ष राजेश पडितले गरेका थिए ।


तस्वीरः प्रतीक

संस्थाकी अध्यक्ष गोमा उप्रेतीको अध्यक्षतामा भएको साधारणसभामा अध्यक्ष उप्रेतीले आव २०७९/८० को वार्षिक प्रतिवेदन प्रस्तुत गरेकी थिइन् भने कोषाध्यक्ष रामाश्रय साह कानूले आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए । उनले ९९ लाख ६५ हजार ६०० शेयर पूँजी रहेको, तीन करोड १५ लाख ४१ हजार ३९० बचत गरी जम्मा कारोबार सात करोड २१ लाख ४२ हजार ५६२ रहेको जानकारी गराए ।

वडाध्यक्ष शेख खुर्सेदले संस्थाले निजी भवन बनाइरहेकोमा नगरपालिकाले पनि सहयोग गर्ने आश्वासन दिए । उनले वडाको बजेटबाट पनि संस्थाको भवन निर्माणमा सहयोग गर्ने प्रतिबद्धता जाहेर गरे ।

कार्यक्रममा पर्सागढी नगरपालिका सहकारी शाखाका प्रमुख शम्भु पडित, सञ्चालक समितिका उपाध्यक्ष सुकमान तामाङ, सचिव प्रतिमा मानन्धर, सदस्य यमुना भुजेल, महम्मद जिकुरूल्लाह, रामहरि उपाध्याय, सल्लाहकार समिति, लेखा समिति, ऋण लगानी उपसमिति, अनुगमन उपसमितिका पदाधिकारीहरूको सहभागिता थियो । कार्यक्रममा स्वागत लेखा प्रमुख सञ्जय परिवार र सहजीकरण व्यवस्थापक वीरेन्द्रराज कँडेलले गरेका थिए ।

# एसबिआई बैंकको लापरवाहीले ग्राहकलाई समस्या

दिनेश मिश्र, वीरगंज, २८ मङ्सिर/

नेपाल एसबिआई बैंक शाखा कार्यालय, वीरगंजको लापरवाहीका कारण ग्राहक सास्ती खेप्न बाध्य छन् ।

वीरगंज महानगरपालिका–१० रानीघाटका मुन्ना रौनियारले एसबिआई बैंकको कारण आफूले अनाहकमा तनाव लिनुपरेको बताए ।

उनले तीन साताअघि क्यूआर कोडको लागि बैंकको आदर्शनगर शाखामा आवेदन दिएको र मङ्सिर २१ गते क्यूआर कोड प्राप्त गरेका थिए । उनले सो क्युआर कोड आफन्तलाई पठाए । उनको आफन्तले रु पाँच हजार ट्रान्सफर गरे अनि कन्फर्म गर्नको लागि फोन गरे ।

रौनियारले रकम आएको मेसेज र खातामा रकम नआएको बताए । मङ्सिर २२ गते पुनः अर्का आफन्तले दुई हजार ५०० ट्रान्सफर गरे । यसपटक पनि मेसेज र खातामा पैसा आएको देखिएन । दुवै घटनापछि एकापसमा शङ्का–उपशङ्का उत्पन्न भयो ।



तस्वीरः प्रतीक

तनावमा परेका रौनियार मङ्सिर २२ गते दिउँसो आदर्शनगर शाखामा बुझ्न पुगे र बैंकमा उनले लिखित उजूरी पनि गरे । बैंकले यसबारेमा बुझ्दा अपरेशन मेनेजर आराधना शर्माले उनलाई दिएको क्युआर कोड ललितपुर, पाटनका एकजना ग्राहकको भएको बताइन् । पाटनका ती ग्राहकको नाम पनि मुन्ना रौनियार हो । यसबारेमा बैंककी अपरेशन मेनेजर शर्माले केन्द्रीय कार्यालयबाट पठाउँदा गलती भएको स्वीकारिन् । उनले हाल पाटन शाखाका मुन्ना रौनियारको खाता निष्क्रिय पारिएको र वीरगंजका मुन्ना रौनियारको रकम सुरक्षित रहेको बताइन् ।

# धनुषा–४ मा पुनः मतगणनाको माग गर्दै नेका उम्मेदवार यादवको रिट

प्रस, जनकपुरधाम, २८ मङ्सिर/

प्रतिनिधिसभा धनुषा क्षेत्र नं ४ बाट नेपाली काङ्ग्रेसका पराजित उम्मेदवार महेन्द्र यादवले पुनः मतगणनाको माग गर्दै सर्वोच्च अदालतमा रिट दायर गरेका छन् । यादवलाई पराजित गर्दै सो क्षेत्रबाट नेकपा एमालेका उम्मेदवार रघुवीर महासेठ झिनो मतान्तरले निर्वाचित भएका थिए ।

निर्वाचन आयोगले सार्वजनिक गरेको मतपरिणाम अनुसार एमालेका महासेठले ३२ हजार २३६ मत प्राप्त गरेका थिए । उनका निकटतम प्रतिद्वन्द्वी नेका उम्मेदवार यादवले ३२ हजार ११२ मत पाएका थिए । १२४ मतको अग्रताले महासेठ विजयी घोषणा भएका थिए ।

आयोगले सार्वजनिक गरेको मतपरिणाममा असहमति जनाउँदै नेका उम्मेदवार यादवले बुधवार सर्वोच्च अदालतमा रिट दायर गरेका हुन् । उनले पुनः मतगणना गर्न माग गरेका छन् । निर्वाचन आयोग, मुख्य निर्वाचन अधिकृतको कार्यालय धनुषा, जिल्ला निर्वाचन कार्यालय धनुषा, धनुषाका प्रमुख जिल्ला अधिकारी र एमाले उम्मेदवार महासेठलाई यादवले विपक्षी बनाएका छन् ।

रिट सर्वोच्च अदालतको संवैधानिक इजलासमा दर्ता भएको उनले सञ्चारकर्मीहरूलाई जानकारी दिएका छन् ।




## जाडोको समयमा चीसोबाट बचौं

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चीसोमा मर्निङ वाक नगरौं,
- चीसोमा बाहिर हिंड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# खेलकूदको संसार

## मेयरकप टी-२० : धोबिनी गाउँपालिका विजयी

प्रस, पोखरिया, २८ मङ्सिर/

पोखरिया नगरपालिकामा आयोजित चौथो मेयरकप टी–२० क्रिकेट प्रतियोगितामा बुधवार धोबिनी गाउँपालिका विजयी भएको छ । आज सम्पन्न तेस्रो खेलमा छिपहरमाई गाउँपालिकाले टस जिती फिल्डिङ रोजेको थियो । ब्याटिङ गर्न आएको धोबिनी गाउँपालिकाले २० ओभरमा छ विकेटको नोक्सानीमा १७४ रन बनाएको थियो ।


तस्वीरः प्रतीक

१७५ रनको विजयी लक्ष्य लिएको छिपहरमाईले सबै विकेट गुमाएर १७.२ ओभरमा मात्र ११९ रन बनाउन सक्यो ।

आजको खेलमा धोबिनीका चन्दन राम ‘म्यान अफ दी म्याच’ घोषित भए । उनले ५१ रनको योगदानसहित तीन विकेट लिएका थिए ।

## विश्वकप फूटबल : अर्जेन्टिना फाइनलमा

काठमाडौं, २८ मङ्सिर/रासस

अर्जेन्टिना कतारमा जारी विश्वकप फूटबल २०२२ को फाइनलमा प्रवेश गरेको छ ।

कतारको लुसेइल रङ्गशालामा आज भएको खेलमा क्रोएसियालाई ३–० गोलअन्तरले पराजित गर्दै अर्जेन्टिना फाइनलमा पुगेको हो । फाइनलमा अर्जेन्टिनाले फ्रान्स र मोरक्कोबीचको विजेतासँग उपाधिका लागि प्रतिस्पर्धा गर्नेछ ।


तस्वीरः एएफपी

खेलको ३४औं मिनेटमा लियोनल मेस्सीले पेनाल्टीमार्फत गोल गर्दै अर्जेन्टिनालाई सुरुआती अग्रता दिलाएका थिए भने खेलको ३९औं मिनेटमा जुलियन अल्भारेजले गोल गर्दै अग्रता दोब्बर बनाए । साथै ६९औं मिनेटमा अल्भारेजको दोस्रो गोलपछि अर्जेन्टिनाले ३–० गोलअन्तरको जीत सुनिश्चित गर्‍यो ।

जीतसँगै अर्जेन्टिनाले सन् २०१८ मा रूसमा भएको विश्वकपको समूह चरणको खेल क्रोएसियासँग ३–० को हारको बदला पनि लिएको छ ।

क्वार्टरफाइनलमा अर्जेन्टिना र क्रोएसिया दुवै टोली पेनाल्टी सुटआउटमा विजयी हुँदै सेमिफाइनलमा प्रवेश गरेका थिए । अर्जेन्टिनाले नेदरल्यान्ड्सलाई र क्रोएसियाले ब्रजीललाई पराजित गर्दै सेमिफाइनलमा पुगेका थिए ।

विश्वकपमा अर्जेन्टिनाको यो छैटौंपटकको फाइनल यात्रा हो ।

अर्जेन्टिना यसअघि सन् १९३०, १९७८, १९८६, १९९०, २०१४ फाइनलमा पुगेको थियो भने दुईपटक विश्वकप उपाधि जितेको छ ।

सेमिफाइनलको दोस्रो खेल नेपाली समय अनुसार बिहीवार राति १२:४५ बजेदेखि शुरू हुनेछ ।

### जिल्ला समन्वय समिति....

पदार्थ (दहत्तर बहत्तर)को ठेक्का बन्दोबस्तीका लागि कानूनी बाटो खोल्न जिसस, बाराले स्वीकृत दिनुपर्छ ।

नदीजन्य पदार्थ उत्खननविरुद्ध रिट परेको कारण निजगढ नपालाई ठेक्का बन्दोबस्तीका लागि ठेन्डर आह्वान गर्न तीन महीना ढिलाइ भएको निजगढका प्रमुख पुरीले बताए ।

अदालतको आदेशलाई कार्यान्वयन गरी निजगढ नपाले नदीजन्य पदार्थको ठेक्का बन्दोबस्ती गर्नुअघि खोलाको स्थलगत अनुगमन गर्ने प्रक्रिया अनुसार नै आज अनुगमन गरिएको नगरप्रमुख पुरीले बताए । अब जिससको स्वीकृति प्राप्त हुनासाथ टेन्डर प्रक्रियामा नगरपालिका अघि बढ्ने नगरप्रमुख पुरीले बताए ।

निजगढ नगरभित्र रहेका खोलाबाट नदीजन्य पदार्थ उत्खननलगायत टेन्डर आह्वान गर्नुपूर्व आधिकारिक निकायबाट सहमति लिई आइइई गराइ त्यसबाट सार्वजनिकरूपमा वातावरणमा पर्ने क्षतिसमेतको मूल्याङ्कनसमेतलाई विचार गरी कानूनबमोजिमको प्रक्रिया पूरा गरेर मात्र कामकारबाही गर्न अदालतले निर्देशनात्मक फैसला गरी निजगढ नपालाई आदेश दिएको छ ।

## डेङ्गुबाट बचौं

- उच्च ज्वरो आउनु
- जोर्नी र मांशपेशीहरूमा असह्य पीडा हुनु
- आँखाको गेडी दुख्नु
- अत्याधिक टाउको दुख्नु
- शरीरमा राता बिमिराहरू आउनु
- वाकवाकी लाग्नु वा बान्ता हुनु
- यस्ता लक्षणहरू देखापरेमा डेङ्गु हुन सक्छ । तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं ।

पकाहामैनपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, पर्सा

## सूचना ! सूचना !! सूचना !!!

वीरगंज महानगरपालिका वडा नं २५ श्रीसियामा नगर विकास समिति, वीरगंजद्वारा प्रवर्द्धित आवास योजना अन्तर्गत विभिन्न व्यक्ति वा सङ्घसंस्थाले दुई दशकभन्दा अगाडि राज्यले गरिदिएको उक्त प्लटिङको जग्गा खरीद गरेदेखि नै आफ्नो जग्गा छुट्टिन नसकेर उपभोग गर्न नपाएर ठूलो पीडामा छौं । विभिन्न चरणमा सरोकारवाला केही जग्गाधनीको व्यक्तिगत पहलले समेत कुनै निष्कर्ष ननिस्केपछि सम्बन्धित जग्गाधनीहरूलाई तल उल्लिखित स्थानमा उपस्थित भई सम्बन्धित ठाउँमा विशेष पहल गर्न छलफलको लागि अनुरोध छ ।

**विषयः**
**श्रीसिया आवास क्षेत्र, वडा नं २५ को नगर विस्तारको प्लटिङको समस्याबारे छलफल**
**स्थान : टिबडेवाल धर्मशाला, मेनरोड, वीरगंज**
**मितिः २०७९ पुस ९ गते (शनिवार), समयः दिउँसो ३:१५ बजे**

## आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| | | जानकारी आएन | | |